# उदारकक्षोन्नतिको उपादेयता

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत पाठ्यक्रम

तथा मूल्याङ्कन विषय एम.एड् दोस्रो वर्ष (५९८) को

प्रयोजनको लागि प्रस्तुत शोधपत्र

शोधार्थी

सुरेन्द्रराज काफ्ले

त्रि.वि.द.नं. :१६४९३-९१

परीक्षा रोल नं : २१४००५४/२०६६

सुकुना बहुमुखी क्याम्पस

पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

इन्द्रपुर, मोरङ

२०७०

वैशाख

☎ : ०२१-५४५६१७ त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धनप्राप्त फ्याक्स : ०२१-५४५७१७

# सुकुना बहुमुखी क्याम्पस
# SUKUNA MULTIPLE CAMPUS

इन्द्रपुर, मोरङ
INDRAPUR, MORANG
स्थापित : २०४८
स्नातकोत्तर कार्यक्रम
Degree Programme (M.Ed.)

पत्र सङ्ख्या :
चलानी नम्बर : मिति ..........................

विषय :

शोध निर्देशकको सिफारिस ।

**उदारकक्षोन्नतिको उपादेयता** शीर्षकको प्रस्तुत शोधपत्र **श्री सुरेन्द्रराज काफ्ले**ले मेरो निर्देशनमा तयार गर्नु भएको हो । स्थलगत सर्वेक्षण गरी मेहनतपूर्वक स्वतन्त्ररूपमा अध्ययन गरिएको यो शोधपत्रलाई त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय पाठ्यक्रम तथा मूल्याङ्कन विभागद्वारा मूल्याङ्कन गर्नका लागि सिफारिस गर्दछु ।

**भोजराज घिमिरे**

शोधनिर्देशक

सुकुना बहुमुखी क्याम्पस

इन्द्रपुर, मोरङ

मितिः २०६९/१२/०२

विषय :

स्वीकृति पत्र

पाठ्यक्रम तथा मूल्याङ्कन विषयमा एम.एड. तहको उपाधिका निमित्त निर्धारित आंशिक आवश्यकताको परिपूर्तिको निमित्त **श्री सुरेन्द्रराज काफ्ले**ले प्रस्तुत गर्नु भएको **उदारकक्षोन्नतिको उपादेयता** शीर्षकको शोधपत्र मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समिति

| क.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मीकुमार श्रेष्ठ | विभागीय प्रमुख | ...................... |
| २ | श्री भोजराज घिमिरे | शोध निर्देशक | .................... |
| ३ | श्री | सदस्य, शोध समिति | ..................... |
| ४ | श्री | बाह्यपरीक्षक | ..................... |

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय अन्तर्गत पाठ्यक्रम तथा मूल्याङ्कन विभाग स्नातकोत्तर तह पाठ्यक्रम तथा मूल्याङ्कन विषयको द्वितीय वर्षको आंशिक आवश्यकता पूरा गर्नका लागि तयार पारिएको हो । यो शोध उदारकक्षोन्नतिको उपादेयता शीर्षकमा केन्द्रित भएर गरिएको छ ।

यस शाोधपत्र तयारीका क्रममा आफ्नो अमूल्य समय प्रदान गरी मार्गदर्शन गरिदिनु भई अध्ययनकार्यलाई सफल पार्न सहयोग सल्लाह एवम् कुशल निर्देशन गर्नुहुने आदरणीय गुरु शोधनिर्देशक भोजराज घिमिरे ज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस अध्ययनमा सूचना संकलन गर्न आवश्यक सहयोग गर्ने श्री जनता उ.मा.वि.बाहुनी स्रोतकेन्द्रका स्रोतव्यक्ति प्रेमकुमार कार्की, वि.नि जीवन गङ्तोला विद्यालयका प्र.अ.हरु, सम्पूर्ण शिक्षक शिक्षिकाहरु लगायत विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु सम्पूर्ण समितिका सदस्यहरु,अभिभावकहरु र विद्यार्थीहरु प्रति आभार व्यक्त गर्न चाहान्छु । साथै लेखन कार्यमा समय र वातावरण मिलाउन सहयोग पुऱ्याउने, श्रीमती तेजकुमारी ,छोरी सुक्रियालाई धन्यवाद दिन चाहान्छु । अन्त्यमा शोधपत्र टङ्कन गरी सहयोग पुऱ्याउने टिना कम्प्युटरका प्रोपाइटर यज्ञमणि निरौलालाई पनि धन्यवाद दिन चाहन्छु ।

सुरेन्द्रराज काफ्ले

# शोधसार

समयको परिवर्तन संग संगौ मूल्याङ्कन प्रणलीमा पनि परिवर्तन हुनु पर्ने मान्यता राखी वर्तमान समयमा रहेको शैक्षिक क्षति न्यूनिकरण गर्दै प्राथमिक तहमा विद्यार्थी टीकाइ राख्नका साथै बालबालिकाको सर्वाङ्गीण पक्षको मूल्याङ्कन गर्न वर्तमान समयमा सामुदायिक विद्यालयको प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणलीको अवलम्बन गरी उदारकक्षोन्नति नीतिलाई अंगीकार गरिएको छ ।

"उदारकक्षोन्नतिको उपादेयता" शीर्षकमा तयार पारिएको यो शोधपत्रको मुख्य उद्देश्य उदारकक्षोन्नति कार्यक्रम कार्यन्वयनको वर्तमान अवस्था पहिचान गर्नु रहेको छ ।

गुणात्मक र परिमाणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरी गरिएको यस अनुसन्धानकालागि श्री जनता उ.मा.वि बाहुनी स्रोतकेन्द्र अर्न्तगतका २७ वटा सामुदायिक विद्यालयहरू मध्ये ३ वटालाई छनौट गरिएको छ । नमुना विद्यालयहरू छनौट गर्न स्तरिकृत नमुना विधि र शिक्षक तथा अभिभावकहरू छनौट गर्न उद्देश्यमूलक नमुना छनौट विधिको प्रयोग गरिएको छ । यस अध्ययनका लागि प्र.अ. तथा शिक्षकको लागि बन्द र खुल्ला प्रश्नावली, अभिभावकको लागि अन्तरवार्ता र वि.नि., स्रोतव्यक्ति, प्र.अ., शिक्षक तथा अभिभावकहरुलाई एकै ठाउँमा राखेर उनीहरुको धारणा बुझ्न समूह छलफलको माध्यमबाट सूचनाहरु संकलन गरिएको छ ।

उदारकक्षोन्नतिको मूख्य आधार कार्यसंचयिकाको प्रयोग शिक्षकहरुमा ज्ञान, सीपको अभावका कारण नगरेको पाइयो । विद्यार्थीहरुको सिकाइ उपलब्धि स्तर वृद्धि गर्न प्रयोग गरिने उपायहरुमा अभिभावकलाई सिकाइ वातावरण राम्रो बनाउन सुझाव दिने शिक्षकहरुको संख्या शुन्य देखिन्छ भने कक्षा उकास्ने मापदण्ड प्रयोगको अवस्थामा पहिलो त्रैमासिकमा विशिष्ट क्षमता देखाउने विद्यार्थीलाई कक्षा उकास्न सकिने र ज्यादै कम उपलब्धि स्तर भएका विद्यार्थीलाई अभिभावकको परामर्शमा कक्षा उकास्न सकिनेलाई कसैले पनि प्रयोग नगरेको पाइयो । निरन्तर मूल्याङ्कन प्रणाली लागू भएपछि शिक्षक विद्यार्थी अनुपात १:३० को मापदण्ड छ । यहाँ यो अनुपात १:१२ को छ । तापनि सिकाइ उपलब्धि प्रभावकारी देखिदैन । अधिकांस शिक्षकहरु तालिम प्राप्त भएतापनि तालिममा प्राप्त गरेको ज्ञानलाई शिक्षणमा प्रयोग गरेको देखिदैन । शिक्षक अभिभावक र विद्यालयबीच एक आपसमा आदान प्रदान गर्नु पर्ने सूचना सञ्चार दोहोरो हुन सकेको छैन । वि.नि.र स्रोतव्यक्तिले उदारकक्षोन्नतिको कार्यान्वयनको अवस्थाका बारेमा त्यति अनुगमन गरेको पाइँदैन । शिक्षकहरुमा पनि उदारकक्षोन्नति नीति सरकारको नीति हो । नजाने पनि अनुत्तिर्ण पार्न पाइँदैन खुरुखुरु कक्षा चढाउनु पर्छ भन्ने मानसिकता रहेको पाइयो ।

कार्यान्वयनको क्रममा रहेको उदारकक्षोन्नतिमा देखिएका समस्याहरुको सही पहिचान गरी सुधार गर्न अनुगमन प्रणालीलाई प्रभावकारी बनाएमा राम्रो काम गरे बापत पुरस्कार र कमजोर काम गरे बापत सुधार गर्न घच्घचाइरहेमा, विद्यालय सञ्चालनको जिम्मा पाएको विद्यालय व्यवस्थापन समिति र अभिभावकहरुलाई उदारकक्षोन्नतिको मूल मर्मको बारेमा जानकारी दिइ कार्यान्वयन गर्दै लैजान सकेको खण्डमा आगामी दिनमा यसलाई सुधार गरी प्रभावकारी बनाउन सकिन्छ ।

# विषय सूची

पृष्ठसंख्या

सिफारिस पत्र क
स्वीकृति पत्र ख
कृतज्ञता ज्ञापन ग
शोधसार घ
विषय सूची ङ
तालिका सूची छ

परिच्छेद एक : परिचय

१.१ अध्ययनको पृष्ठभूमी १
१.२ समस्याको कथन ४
१.३ अध्ययनको औचित्य ५
१.४ अध्ययनको उद्देश्यहरु ६
१.५ अनुसन्धानात्मक प्रश्नहरु ६
१.६ अध्ययनको परिसीमा ६

परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

२.१ सैद्धान्तिक खाका ८
२.२ सम्बन्धित अध्ययनको पुनरावलोकन
१ २.३ पुनरावलोकनको उपादेयता १३

परिच्छेद तीन : अध्ययन विधि

३.१ अनुसन्धानात्मक ढाँचा १४
३.२ जनसंख्या १४
३.३ नमूनाको आकार १४
३.४ नमूना छनौट विधि १४
३.५ नमूना छनौटका आधार १५
३.६ तथ्याङ्क संकलनका साधनहरू १५
३.७ साधनको वैधता १५
३.८ तथ्याङ्कको स्रोत १५
३.९ तथ्याङ्क संकलन प्रक्रिया १६
३.१० तथ्याङ्क विश्लेषण प्रक्रिया १६

परिच्छेद चार : तथ्याङ्कको व्याख्या र विश्लेषण

४.१ उदारकक्षोन्नति कार्यान्वयनको अवस्था १७
४.१.१ उदारकक्षोन्नतिका लागि निरन्तर मूल्याङ्कन प्रयोगको अवस्था १७
४.१.२ उदारकक्षोन्नतिको लागि कार्यसंचयिका प्रयोग अवस्था १८
४.१.३ कार्यसञ्चयिकामा समेट्नु पर्ने पक्षहरु प्रयोगको अवस्था १९

४.१.४ सिकाइ उपलब्धि वृद्धि गर्न प्रयोग गरिएका उपायहरुको अवस्था २०

४.१.५ उदारकक्षोन्नतिको मापदण्ड प्रयोगको स्थिति २१

४.२ उदारकक्षोन्नति र सिकाइ उपलब्धि २३

४.२.१ कक्षा दोहोऱ्याउने विद्यार्थी संख्या २३

४.२.२ विद्यालयको कक्षा छाड्ने दर २४

४.२.३ विद्यार्थी उत्तीर्णदर २५

४.२.४ कक्षागत र विषयगत सिकाइ उपलब्धि २५

४.३ सिकाइ उपलब्धिका समस्याहरु २९

४.२.१ कक्षाकोठामा विद्यार्थी संख्या २९

४.३.२ शिक्षक र दक्षता ३१

४.३.३ शिक्षक विद्यार्थी अनुपात ३२

४.३.४ विद्यालय अभिभावक सम्बन्ध ३३

४.३.५ उदारकक्षोन्नति अनुगमनको स्थिति ३४

४.३.६ उदारकक्षोन्नति र शिक्षकका समस्याहरु ३५

४.४ सिकाइ उपलब्धिमा देखिएका समस्या समाधानका उपायहरु ३५

परिच्छेद पाँच : प्राप्ती, निष्कर्ष र सुझाव

५.१ अध्ययनको प्राप्ती ३८

५.२ अध्ययनको निष्कर्ष ४१

५.३ अध्ययनका सुझावहरु ४३

सन्दर्भ ग्रन्थी ४४

अनुसूचि-१ प्रधानाध्यपकका लागि प्रश्नावली ४६

अनुसूचि-२ शिक्षकका लागि प्रश्नावली ४८

अनुसूचि-३ अभिभावकका लागि अर्न्तवार्ता निर्देशिका ५१

अनुसूचि-४ स्रोतव्यक्ति/वि.नि.का लागि प्रश्नावली ५२

अनुसूचि-५ विद्यार्थीका लागि अर्न्तवार्ता निर्देशिका ५३

# तालिका सूची


| | |
|---|---|
| | पृष्ठसंख्या |
| तालिका १ : तोकिएको मापदण्ड प्रयोग अवस्था | १८ |
| तालिका २ : कार्यसंचयिका प्रयोगको अवस्था | १९ |
| तालिका ३ : कार्यसंचयिकामा समेटिनु पर्ने पक्षहरु प्रयोगको अवस्था | २० |
| तालिका ४ : सिकाइ उपलब्धि स्तर वृद्धि गर्न प्रयोग गरिएका उपायहरुको अवस्था | २१ |
| तालिका ५ : कक्षा उकास्ने मापदण्ड प्रयोगको अवस्था | २२ |
| तालिका. ६ : कक्षा दोहोऱ्याउने विद्यार्थी | २४ |
| तालिका. ७ : विद्यालयमा कक्षा छाड्ने दर | २४ |
| तालिका. ८: विद्यार्थी उतिर्णदर | २५ |
| तालिका. ९ : कक्षागत र विषयगत सिकाइ उपलब्धि २०६६ | २६ |
| तालिका १० : कक्षागत र विषयगत सिकाइ उपलब्धि २०६७ | २७ |
| तालिका. ११ : कक्षागत र विषयगत सिकाइ उपलब्धि २०६८ | २८ |
| तालिका १२ : कक्षा कोठामा विद्यार्थी संख्या २०६६ | ३० |
| तालिका १३ : कक्षा कोठामा विद्यार्थी संख्या २०६७ | ३० |
| तालिका १४ कक्षा कोठामा विद्यार्थी संख्या २०६८ | ३१ |
| तालिका १५ : प्रा.वि.तहका शिक्षक र तालिम विवरण | ३२ |
| तालिका १६ : शिक्षक विद्यार्थी अनुपात २०६९ | ३२ |
| तालिका १७ : प्रगतिविवरणको सूचना सम्प्रेषण सम्बन्धि जानकारी | ३३ |
| तालिका. १८ : सामाजिक व्यवहार सम्वन्धि विवरण | ३४ |

# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

प्राथमिक तह नेपालको विद्यालयको संरचना को पहिलो तह हो । कक्षा १ देखि ५ सम्मका कक्षाहरु प्राथमिक तह हुन् । प्राथमिक तह नेपालको शिक्षा संरचनाको जग हो । जसलाई बलियो बनाउन जरुरी हुनेछ । प्राथमिक शिक्षालाई बलियो बनाउन बाल मनोविज्ञानको प्रयोग गर्दै प्रभावकारी शिक्षण र उपलब्धीको सही लेखाजोखा गर्दै परीक्षा वाहेकका मूल्याङ्कनका साधनहरुको पनि सदुपयोग गर्नु पर्छ । प्राथमिक शिक्षाका कार्यकुशलतालाई नकारात्मक असर गर्ने दुई कारक तत्वहरु उच्च कक्षा छाड्ने दर र उच्च कक्षा दोहोर्‍याउने दर हुन् । यी दुईवटा दरलाई उच्च वनाउन थुप्रै कारणहरु मध्ये परीक्षालाई एक प्रमुख कारण मान्न सकिन्छ । विद्यमान परीक्षा प्रणालीले गर्दा विद्यार्थीहरु परीक्षा देखि डराई विद्यालय आउन छाड्ने प्रवृत्ती देखा परेको छ । फेरि प्राथमिक तहमा वर्षमा २/३ पटक परीक्षा लिई विद्यार्थीलाई फेल पास घोषणा गर्ने वर्तमान परीपाटीको मूल्याङ्कन प्रणालीलाई सुधार गर्नु पर्ने देखिन्छ । हालको परीक्षा प्रणालीमा तल्लो कक्षाका विद्यार्थीहरुसंग परीक्षा दिने अनुभवको कार्यको कारण विद्यार्थीहरुलाई कठिनाई भएको हुन सक्तछ । यसर्थ परीक्षा प्रणाली पनि सुधार गर्ने ,विद्यार्थीलाई परीक्षाको डरबाट मुक्त गर्ने र उनिहरुलाई नयाँ किसिमले कक्षोन्नति गर्न निरन्तर मूल्याङ्कन प्रणाली र उदारकक्षोन्नति नीति कार्यान्वयन गर्ने प्रयास भईरहेको छ । नेपालमा निरन्तर मूल्याङ्कन प्रणालीको सहयोगमा मूल्याङ्कनका विभिन्न परीक्षण र अपरीक्षण विधिहरु क्रमिक रुपमा प्रयोग गरी विद्यार्थीको क्रमिक मूल्याङ्कन गर्ने मूल्याङ्कनलाई विद्यार्थी केन्द्रित बनाउने र प्रभावकारी शिक्षण सिकाइकालागि उपयोग गर्ने,जेहेन्दार विद्यार्थीका लागि प्रोत्साहन र कमजोर विद्यार्थीका लागि विशेष सहयोग पुर्‍याउने,विद्यार्थीहरुलाई नियमित रुपमा विद्यालय आउन सहयोग पुर्‍याउने वातावरण तयार गर्ने ,विद्यालय छाड्ने दर न्यून गराई अधिकतम बालबालिकालाई प्राथमिक शिक्षाको तह पूरा गराउन विद्यार्थीमा परीक्षाको डर कम गराउने,कक्षा दोहोर्‍याउने विद्यार्थी संख्या कम गराउने,यस मूल्याङ्कन प्रणालीको माध्यामवाट उदारकक्षोन्नति नीति लागू गर्ने गरी शैक्षिक रणनीति तयार गरिएको छ ( शैजविके,२०६५) ।

कसैकसैले मूल्याङ्कनलाई गल्ती पत्ता लगाउने प्रकृयाको रूपमा लिने गरेको पाइन्छ तर गल्ती वा दुर्वलता पत्ता लगाउनु मात्र मूल्याङ्कनको अवधारणा होइन । कुनै पनि प्रकारको मूल्याङ्कनको प्रमुख उद्देश्य मूल्याङ्कित विषयमा सुधार गर्नु हो तर त्यो राम्रो या नराम्रो भनेर प्रमाणित होइन । मूल्याङ्कनले कुनै पनि कार्य, प्रकृया अवस्था वा उत्पादनका सवल र दुर्वल पक्षहरू पत्ता लगाई त्यसको सुधारमा सहयोग गर्नु हो र यसकार्यमा निश्चित मापदण्ड आधारहरूको उपयोग गरी लेखाजोखा गर्ने कार्य गरिन्छ । यहाँ लेखाजोखा गर्नु भन्नाले वौद्धिक प्रकृयाबाट गुण र दोषको पहिचान गर्नु हो । तसर्थ मूल्याङ्कनलाई एक वौद्धिक प्रकृयाको रूपमा लिन सकिन्छ । मूल्याङ्कनको प्रमुख अभिप्राय सुधार परिमार्जन र परिस्कृत गर्नु हो र मूल्याङ्कनले केवल भौतिक कार्य वा वस्तुको सुधार र परिमार्जनसँग सम्बन्ध राख्दैन बरू भौतिक भावनात्मक, अवलोकित वा अनुभव गरिएका कार्यहरूको लेखाजोखा गर्दछ । तसर्थ मूल्याङ्कनलाई सुधार गर्ने प्रकृयाको रूपमा लिन सकिन्छ (खनाल, २०६३) ।

सामान्य अर्थमा मूल्याङ्कन भनेको अवलोकन तथा अन्य माध्यमबाट प्राप्त सूचनाका आधारमा कुनै कार्य प्रति हेर्ने दृष्टिकोण हो । यसले ठोस निर्णयका लागि आधार प्रदान गर्दछ । विद्यार्थी मूल्याङ्कन भनेको विद्यार्थीमा के कस्ता सिकाइ उपलब्धि वा उद्देश्य अनुसारको उपलब्धि प्राप्त भयो वा भएन भनी हेर्ने प्रकृया हो । अर्को शब्दमा भन्ने हो भने पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू अनुरूपका ज्ञान, सीप र व्यवहार विद्यार्थीहरूले हासिल गरे वा गरेनन् वा कति मात्रामा हासिल गरे भनेर लेखाजोखा गर्ने कार्य नै विद्यार्थी मूल्याङ्कन हो । मुख्य रूपमा हाम्रा विद्यालयहरूमा दुई किसीमले विद्यार्थी मूल्याङ्कन गरिन्छ । विद्यार्थीका वारेमा निर्णय लिन गरिने मूल्याङ्कनलाई निर्णयात्मक मूल्याङ्कन भनिन्छ र पाठ्यक्रमले अपेक्षा गरेका सिकाइ उद्देश्य पूरा गराउने उपचारात्मक शिक्षण सिकाइ सँगै गरिने मूल्याङ्कनलाई निरन्तर मूल्याङ्कन भनिन्छ । विद्यार्थीले सिक्न नसकेका कुरा समयमै जानकारी गरेर उनीहरूलाई आवश्यकता अनुसार थप मद्दत गर्न पटक पटक गरिने मूल्याङ्कनलाई निरन्तर मूल्याङ्कन भनिन्छ । विद्यार्थीले के कति सिके भनेर मूल्याङ्कनका विभिन्न साधनहरू अपनाएर विद्यार्थीको क्रमिक रूपमा निरन्तर मूल्याङ्कन गरिन्छ । यसमा लिखित, मौखिक कार्य, कक्षाकार्य, गृहकार्य बानी व्यवहार अवलोकन, शैक्षिक अभिलेख अध्ययन, उपस्थिती, अतिरिक्त क्रियाकलाप र प्रयोगात्मक कार्य आदि शैक्षिक संस्थाबाट निरन्तर रूपमा संचालन गरिन्छ । यसरी विद्यार्थीको पठनपाठनसँग उनीहरूको निरन्तर मूल्याङ्कन गरी सिक्न नसकेका कुरा सिकाएर अथवा माथिल्लो कक्षामा सिक्ने गरी विद्यार्थीलाई कक्षा चढाउनुलाई नै उदारकक्षोन्नति भनिन्छ (अधिकारी, २०६७) ।

निश्चित सिकाई उपलब्धी सूचक पूरा गरिसकेपछि पनि कक्षा चढ्नका लागि विद्यार्थीको उमेर माथिल्लो कक्षाका लागि निर्धारित उमेरसंग मेल खाने हुनुपर्छ , विद्यार्थीको हाजिरी विद्यालय खुलेको दिनको ७० प्रतिशत पुगेको हुनुपर्ने ,शैक्षिक शत्रको पहिलो चौमासिक अवधिमै कक्षामा विशिष्ट क्षमता देखाउने विद्यार्थीलाई सोही अवधिभित्र माथिल्लो कक्षामा चढाउन सकिने व्यवस्था छ । उपर्यूक्त आधारहरु मार्फत उदारकक्षोन्नति हुन्छ । उदारकक्षोन्नतिको कार्यान्वयन पश्चात् विद्यालयमा विद्यार्थीको दैनिक उपस्थितिमा सुधार हुने,कक्षा दोहोऱ्याउने दर घट्ने, विचैमा विद्यालय छाड्ने, दर घट्ने विद्यार्थीको सिकाई उपलब्धी स्तर बढ्ने, अन्तगोत्वा प्राथमिक शिक्षाको गुणात्मक विकास सुनिश्चित हुने विश्वास गरिएको छ (शैजविके , २०६५ ) ।

विद्यार्थी मूल्याङ्कन प्रणाली अन्तर्गतको उदारकक्षोन्नतिको आधार विद्यार्थीको कार्यसंचयीकालाई मानिन्छ । विद्यार्थीको क्रियाकलापको प्रगति अनुसार अतिउत्तम, उत्तम र सामान्य वर्गमा छुट्याइ क्रमशः तीनवटा, दुईवटा र एकवटा रेजा चिन्ह लगाइ दिएका रेजाका आधारमा रेजा प्रतिशत निकाली ७० प्रतिशत भन्दा बढि अङ्क ल्याउनेलाई ‘क’ श्रेणी, ४० देखि ६९ प्रतिशत अङ्क ल्याउनेलाई ‘ख’ श्रेणी र ४० प्रतिशत भन्दा कम अङ्क ल्याउनेलाई ‘ग’ श्रेणीमा राखी माथिल्लो कक्षामा अनिवार्य कक्षोन्नति गर्नुपर्ने व्यवस्था गरिएको छ (पाविके., २०५९) ।

नेपालमा निरन्तर मूल्याङ्कन प्रणालीलाई महत्व दिने पहिलो नीतिगत दस्तावेज वि.सं. १९९६ को शिक्षा इतिहासमा देखिन्छ । देशमा आएको राजनीतिक परिवर्तनसँगै समय समयमा गठन भएका आयोगले पनि आवधिक रूपमा लिखित परीक्षा लिएर उत्तीर्ण र अनुत्तीर्ण घोषणा गर्नुको सट्टा निरन्तर लेखाजोखा गरी शैक्षिक

उपलब्धिहरूको मूल्याङ्कन हुनु पर्ने सुझाव दिएका छन् । सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन (२०१८) ले प्राथमिक तहको मूल्याङ्कन मौखिक र कार्यमय हुनुपर्दछ । प्रत्येक महिनाको छात्रछात्राको खेलकुद, चरित्र, निर्धारीत विषयहरूको ज्ञान इत्यादिको आधारमा उत्तीर्ण गराउनु पर्दछ भन्ने उल्लेख गरिएको छ । त्यसैगरी रा.शि.प.यो. २०२८ ले पनि विद्यार्थी मूल्याङ्कन गर्दा आन्तरिक मूल्याङ्कन प्रथा चलाउनु पर्ने र शिक्षकहरूले विद्यार्थीहरूको प्रगति विवरण राख्नु पर्ने व्यवस्था उल्लेख गरेको छ । राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले पनि विद्यार्थीको मूल्याङ्कन नियमित रूपमा गर्नु पर्ने र यसो गर्दा गृहकार्य, मौखिक कार्य र अतिरिक्त क्रियाकलापका आधारमा गर्नु पर्ने उल्लेख गरेको छ। उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले विद्यार्थीहरूको निरन्तर मूल्याङ्कन प्रणाली अनुसार कक्षा चढाउने व्यवस्था गरिनेछ भनी उल्लेख गरिएको छ । प्राथमिक तहका विद्यार्थीहरूको निरन्तर मूल्याङ्कन प्रकृयाद्वारा सम्पूर्ण शैक्षिक पक्षको पहिचान गर्ने उदारकक्षोन्नती नीति हाल कार्यान्वयनमा आइरहेको छ । २०५६/०५७ मा आधारभूत तथा प्राथमिक शिक्षा परियोजना अन्तर्गत पाँच जिल्लाहरू इलाम, चितवन, स्याङ्गजा, सुर्खेत र कन्चनपुरमा परीक्षणको रूपमा लागू गरियो । नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय पाठ्यक्रम विकास केन्द्रले २०६३ सालबाट कक्षा १ बाट शुरू गरी क्रमशः वि.सं. २०६५ सालमा कक्षा ३ सम्म लागू गरेको छ । त्यस्तै विद्यालय क्षेत्र सुधार योजना (२०६२-२०७२) मा कक्षा १ देखि ८ सम्म आधारभूत शिक्षामा निरन्तर मूल्याङ्कन प्रणाली लागू गरिने भन्ने उल्लेख भए अनुसार शैक्षिक वर्ष २०६८ साल देखि कक्षा ६ मा यो पद्धती लागू गर्न आवश्यक तयारी गरिएको छ  (शैजविके, २०६७) ।

नेपालको सन्दर्भमा निरन्तर विद्यार्थी मूल्याङ्कनको आवश्यकता दिन प्रतिदिन खड्किँदै गइरहेको छ । आधारभूत शिक्षामा गरेको लगानीलाई फलदायी बनाउनु परेको छ । आधारभूत शिक्षामा सिकाइ बालमैत्री हुन नसकेकोले विशेषतः तल्ला कक्षामा कक्षा दोहोऱ्याउने र बिचैमा पढाइ छोड्ने विद्यार्थीको संख्या अधिक रहको छ । परिणामस्वरूप तोकिएको समय भन्दा ढिलो थोरै विद्यार्थीले मात्र तह पूरा गर्ने गरेका छन् । विद्यार्थीको निरन्तर मूल्याङ्कन गरेर उपचारात्मक शिक्षण सिकाइबाट मात्र यस प्रकारको क्षतिलाई नियन्त्रण गर्न सकिन्छ । यसै दृष्टिकोणबाट नेपाल सरकार शिक्षा मन्त्रालयले हाल आधारभूत शिक्षाको कक्षा १-५ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन लागू गरेको छ र आगामी शैक्षिक सत्रहरूदेखि आधारभूत तहको कक्षा ७ सम्म लागू गर्दै जाने नीति लिएको छ (पाविके, २०६२) ।

सामुदायिक प्राथमिक विद्यालयमा निरन्तर मूल्याङ्कन प्रणाली लागू गरी त्यसको माध्यमबाट सिकाई उपलब्धि बढाउने,कक्षा छाड्ने दर र दोहोऱ्याउने दर पनि घटाउने साथै उदारकक्षोन्नति गरी उत्तीर्ण दर बृद्धि गर्ने लक्ष्यअनुरुप यो कक्षोन्नति नीतिलाई अगाडि बढाएको छ । तर यथार्थमा हेर्ने हो भने माथिल्लो निकाय बाट नीति निर्माण गरी कार्यन्वयनका लागि निर्देशन गरिएता पनि विद्यालय तहमा कार्यन्वयनको अवस्थानाजुरहेकोपाइन्छ ।यसशोधपत्रले सोहि सरकारी शैक्षिक नीतिको प्रभावकारीतालाई अध्ययन गर्न उदारकक्षोन्नतिको उपादेयता अध्ययन गरिएको छ ।

## १.२ समस्याको कथन

विद्यार्थीमा शिक्षण सिकाइको माध्यमबाट अपेक्षित उपलब्धी प्राप्त गर्न र प्राप्त भएका उपलब्धीहरुलाई सही र प्रभावकारी मापन गर्नुपर्ने हुन्छ । जसको लागि मूल्याङ्कनको आवश्यकता पर्छ । हाल हाम्रो देशमा पटक पटकका अध्ययन प्रतिवेदन र आयोगहरुले पनि परीक्षालाई मूल्याङ्कनका साधनहरुको प्रयोग र निरन्तर मूल्याङ्कन प्रणालीको अवधारणा विकाशित भएको हुन्छ । यही मूल्याङ्कनको नयाँ सोचका आडमा उदारकक्षोन्नतिलाई पनि अगाडि बढाएको छ ।

प्राथमिक तहमा हाल प्रयोग भैरहेका मूल्याङ्कनका प्रकृयाहरूले सो उमेरका विद्यार्थीको सर्वाङ्गीण पक्षको मूल्याङ्कन गर्न सकेको छैन । आवधिक तीन घण्टे लिखित परीक्षाले विद्यार्थीको ज्ञानात्मक पक्षको मात्र मूल्याङ्कन गरेको छ र यसकै आधारमा कक्षा उकास्ने गरिएको छ । यो मूल्याङ्कन प्रणालीले विद्यार्थीको अन्य पक्षलाई समेट्न सकेको छैन । प्राथमिक तहका विद्यार्थीले वर्षभरिमा पढेको कुरालाई तीन घण्टा भित्र स्मरण गरेर लेख्न सक्दैनन् अनि विद्यार्थीको मूल्याङ्कन हुन सक्दैन । मूल्याङ्कनले ज्ञानात्मक पक्षका साथै भावात्मक र मनोक्रियात्मक पक्षलाई पनि समेट्न सक्नुपर्दछ । त्यसकारणले निरन्तर मूल्याङ्कनको माध्यमबाट उदारकक्षोन्नतिको व्यवस्था गरी प्राथमिक तहका विद्यार्थीको ज्ञानात्मक, भावनात्मक र मनोक्रियात्मक पक्षको मूल्याङ्कन गर्न वि.सं. २०६३ साल देखि निरन्तर मूल्याङ्कनका माध्यमबाट उदारकक्षोन्नति सुरू गरिएको छ ।

प्राथमिक तहको कक्षा १ मा २०६३ को शैक्षिक शत्रबाट सुरु गरिएको यो मुल्याङ्कन २०६५ सम्ममा कक्षा ३ सम्म देशका सवै प्राथमिक तहहरुमा लागू भैसकेको छ । यसको प्रयोगबाट वालवालिकामा विद्यालय प्रतिको आकर्षण बढ्ने, शिक्षण सिकाई प्रभावकारी भई सिकाई उपलब्धीमा विकास हुने, परीक्षामूखी भन्दा प्राप्तिमुखी अध्यापन हुने, अभिभावक पनि छोराछोरी फेल हुने समस्याबाट मूक्त हुने र निरन्तर व्यवहारिक मूल्याङ्कन भइरहने अपेक्षा गरिएको छ । तर केन्द्रबाट विविध उच्च अभिलासा राखेर रणनीतिमा सुधार र विकास गरिए पनि त्यस्ता कार्यक्रमहरु वास्तविक धरातलमा आईपुग्दा सेलाई सक्तछन् । यही रोगले उदारकक्षोन्नतिलाई पनि छोडेको छैन । उदार कक्षोन्नतिमा धेरै समस्याहरु र अन्यौलता रहेका छन् । उदारकक्षोन्नतिको सम्बन्धमा अभिभावक तथा शिक्षकहरु अनविज्ञ रहेको, नीति तथा कार्यक्रमहरु तल्लो तह सम्म आई नपुग्ने गरेका, यसका आधारमा,मापदण्ड र प्रक्रियाको सम्बन्धमा ठोस नीति तर्जूमा नभएको, कमिकमजोरीहरुको खोजी नगरेको,पत्ता लागेका समस्याहरुको सामाधानका उपायहरु अवलम्बन नगरेको, हावाको तालमा यस मूल्याङ्कनलाई लागू गरिएको,विद्यार्थी केन्द्रीत शिक्षण हुनुको सट्टा अपेक्षित सिकाइ उपलब्धि बिनै कक्षोन्नति गरी उदार कक्षोन्नतिले सिकाई उपलब्धिमा उल्टै नकारात्मक प्रभाव पारेको भन्ने आरोपहरु स्थानिय शिक्षक,अभिभावक, विज्ञ साथै पत्रपत्रिका तथा अन्य संचार माध्यमबाट पढन र सुन्न थालिएको छ ।

उदारकक्षोन्नतिले परीक्षामुखी भन्दा पनि बुझाइमुखी अध्यापनमा जोड दिएको छ जसले गर्दा विद्यार्थी असफल हुने दर कम हुन्छ तर यसको वारेमा शिक्षक अभिभावक अनविज्ञ रहेको देखिन्छ । यो प्रणाली बढी खर्चिलो, धेरैसमय लाग्ने, दक्ष र तालिम प्राप्त शिक्षक चाहिने हुन्छ जसले गर्दा यि पक्षको अभावले पनि यसको प्रभावकारी कार्यान्वयन भएको पाइदैन । यो प्रणाली बारे ठोस नीति नबनेको, मापदण्डमा व्यवहारिक प्रष्टता

नभएको, यसमा भएका कमी कमजोरीलाई सुधार्न कुनै खोज अनुसन्धान पनि भएको पाइदैन । अतः कार्यान्वयनकै चरणमा रहेको उदारकक्षोन्नतिको बारेमा सरोकारवालाहरू अभिभावक, शिक्षक, प्र.अ., श्रोतव्यक्ति, वि.नि. जानकार छन् कि छैनन् ? उदारकक्षोन्नति निर्धारित मापदण्ड अनुरूप भएको छ कि छैन ? उदारकक्षोन्नति कार्यन्वयनमा के समस्याहरू देखिएका छन् ? ती समस्या समाधानका लागि के उपायहरू अवलम्वन गर्न सकिन्छ ? उदारकक्षोन्नतिको प्रभावकारिता कस्तो छ ? भन्ने कुरालाई समस्याको रूपमा लिएको छ ।

## १.३ अध्ययनको औचित्य

नेपालमा पाँच दशक देखि शिक्षाको योजनावद्ध विकासद्वारा शैक्षिक क्षेत्रको विस्तार र सुधार गर्ने कार्य हुँदै आएको पाइन्छ । वर्तमानसम्म आइपुग्दा यस विकासक्रमले केही मात्रामा मात्र गति लिएको पाइन्छ तर शिक्षाको परिमाणात्मक रूपमा विकास र विस्तारका साथसाथै त्यसको गुणात्मक विकासमा ध्यान पुऱ्याउनु जरूरी पर्दछ । यसो गरिएमात्र लगानी अनुसारको प्रतिफल प्राप्त हुन्छ र शैक्षिक क्षतिलाई न्यूनिकरण गर्न सकिन्छ भन्ने अवधारणाका साथ उदारकक्षोन्नतिको कार्यक्रम कार्यान्वयनमा आएको छ । सन २००० मा भएको सेनेगलको डकार सम्मेलनले सन २०१५ सम्ममा सबैका लागि शिक्षा को नारालाई निरक्षरता उन्मुलन गर्ने प्रतिवद्धताका साथ नेपाल सरकारले पनि प्रत्येक वर्षको शैक्षिक सत्रको सुरूवातमा नै विद्यार्थी भर्ना अभियान अन्तर्गत घरदैलो कार्यक्रम संचालन गरिरहेको छ । जसवाट वर्षै पिच्छे प्राथमिक तहमा विद्यार्थीहरूको भर्ना संख्या वढेको छ । नेपाल सरकारले दशौ पञ्चवर्षिय योजना (२०५९-२०६४) को अन्त्यमा खुद भर्नादर ९० प्रतिशत पुऱ्याउने लक्ष्य लिएकोमा सो पूरा हुन नसकी एघारौं त्रिवर्षीय योजना (२०६४-२०६७) ले पनि त्यसलाई निरन्तरता दियो तर आशातित प्रतिफल हासिल हुन सकिरहेको छैन । एकातिर फेल भएका विद्यार्थी र भर्ना भएका विद्यार्थीको भीडभाडबाट कक्षामा विद्यार्थीको चाप बढेको छ भने फेल भएका विद्यार्थीहरूले कक्षा छोड्ने दर पनि बढिरहेको छ । त्यसकारण यी दुवै समस्यालाई समाधान गर्न सरकारले निरन्तर मूल्याङ्कन प्रणाली अन्तर्गत उदारकक्षोन्नति नीतिलाई बढी महत्व दिएको छ ।

निरन्तर मूल्याङ्कन प्रणाली अन्तर्गत उदारकक्षोन्नतिको कार्यन्वयनमा केन्द्रिय क्षेत्रीय र स्थानीय स्तरमा धेरै कठिनाइहरू महसुस गरिएको छ । यसै सन्दर्भमा उदारकक्षोन्नतिको कार्यान्वयनको अवस्था, सरोकारवालाहरूको बुझाई तथा चासो र थप ज्ञान दिन, निर्धारित मापदण्ड अनुसार प्रयोगको अवस्था हेर्न, देखिएका समस्याहरू, समस्या समाधानका उपायहरू पत्ता लगाई सुधार गर्न, विद्यार्थीहरूको सिकाइ उपलब्धि सम्वन्धि समयमा नै सूचनाहरू प्राप्त गरी पृष्ठपोषण दिन र सिकाइलाई प्रभावकारी वनाउनमा शिक्षकलाई सहयोग गर्नका साथै सरोकारवालाहरू, प्र.अ, शिक्षक, वि.नी., स्रोतव्यक्ति, अभिभावक र शिक्षाविद, प्रशासक, अनुसन्धानकर्ता, नीति निर्माता, योजनाकार तथा शिक्षासँग प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्ध र चासो राख्ने सबैको लागि फाइदा हुने भएकोले अध्ययनको आवश्यकता महसुस गरी खोज अनुसन्धान गर्न लागिएको हो ।

## १.४ अध्ययनको उद्देश्य

उदारकक्षोन्नतिको उपादेयता अध्ययन गर्न निम्न उद्देश्यहरू राखिएको छ :-

क) उदारकक्षोन्नति कार्यक्रम कार्यान्वयनको वर्तमान अवस्था पहिचान गर्नु ।

ख) उदारकक्षोन्नतिले सिकाई उपलब्धिमा पारेको प्रभाव विश्लेषण गर्नु ।

ग) उदारकक्षोन्नतिको कार्यान्वयनमा देखिएका समस्या पत्ता लगाई समाधानका उपायहरू खोजी गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

नेपालमा निरन्तर विद्यार्थी मूल्याङ्कन अन्तर्गत उदारकक्षोन्नतिको गर्ने कार्यक्रम भर्खर भर्खर मात्र आएको हो । उदारकक्षोन्नतिको उपादेयता शीर्षकको यस अध्ययनमा निम्नानुसारका अनुसन्धानात्मक प्रश्नहरूको उत्तर खोजिएको छ ।

क) उदारंकक्षोन्नति कार्यान्वयनको वर्तमान अवस्था कस्तो छ ?

ख) उदारकक्षोन्नतिले सिकाइ उपलब्धिमा कस्तो प्रभाव पारेको छ ?

ग) उदारकक्षोन्नति कार्यान्वयनको क्रममा कस्ता समस्याहरू देखिएका छन् ?

घ) उदारकक्षोन्नति कार्यान्वयनको क्रममा देखिएका समस्याहरूको कसरी समाधान गर्न सकिन्छ ?

## १.६ अध्ययनको परिसीमा

कुनै पनि अध्ययनको उद्देश्य प्राप्तिका लागि यस विषयको व्यापक अध्ययन स्रोत, साधनको परिचालनका साथै प्रसस्त समयको आवश्यकता पर्दछ तसर्थ यस अध्ययन कार्यलाई सरल र सहज रूपमा अगाडि वढाउन निम्नानुसारको परिसीमा राखिएको छ ।

क) प्रस्तुत अध्ययन मोरङ जिल्लाको वाहुनी स्रोतकेन्द्र भीत्र सँचालित सामुदायिक विद्यालयमा सीमित गरिएको छ ।

ख) यस अध्ययनले उक्त विद्यालयका उदारकक्षोन्नति लागूभएका कक्षाहरु लाई मात्र समेटेको छ ।

ग) यस अध्ययनले उदारकक्षोन्नति लागू भएका कक्षाहरूमा यसको उपादेयता,वर्तमान अवस्था सिकाइमा पारेको प्रभावलाई मात्र समेटेको छ ।

घ) यो अध्ययन शैक्षिक वर्ष २०६६/२०६७/२०६८ मा सीमित रहने छ ।

ङ) यो अध्ययनलाई कक्षा १-३ सम्म मात्र सीमित गरिएको छ ।

# परिच्छेद दुई : सम्वन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने दर उच्च भएमा यसले प्राथमिक शिक्षाको विकासमा नकारात्मक असर गर्दछ । यी असरहरूलाई नियन्त्रण गर्न उदारकक्षोन्नति नीति अवलम्वन गरिएको छ । यहाँ उदारकक्षोन्नतिको सम्बन्धमा सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाकाको विश्लेषण गर्न विभिन्न लेख, रचना, पत्रपत्रिका, पुस्तक, शोधपत्रहरूको समिक्षा गरिएको छ ।

## २.१ सैद्धान्तिक खाका

यस अध्ययनमा प्रप्त हुने तथ्यङ्कहरुलाई विश्लेषण गर्न विभिन्न विद्वानहरुले दिएका सैद्धान्तिक खाकाहरुलाई आधार बनाईएको छ । विभिन्न चिन्तकहरुले आ-आफ्नो विषयमा व्यक्त गरेका अभिमतहरुलाई यस अध्ययनमा समावेश गरिएको छ ।

मास्लो (१९४३) को सिद्धान्त अनुसार नै वर्तमान प्राथमिक पाठ्क्रममा सिकाइ उपलब्धीहरूलाई क्रमीक रूपमा संगठन गरिएको पाइन्छ । सिकाइ उपलब्धिहरू एक पछि अर्को गर्दै प्राप्त गर्न सकिने गरी सिकाइ अनुभवहरूको संगठन गरिएको छ र वर्तमान प्राथमिक पाठ्यक्रमले विद्यार्थीको सिकाइ उपलब्धि प्राप्त भए नभएको क्रमैसँग निरन्तर मूल्याङ्कन गर्नु पर्ने व्यवस्था गरेको छ । एक चरणको उपलब्धि प्राप्त गरिसकेपछि मात्र अर्को चरणको सिकाइ उपलब्धि प्राप्त गर्नको लागि आवश्यक शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था रहेको छ साथै निश्चित सिकाइ उपलब्धि प्राप्त नभएमा सो प्राप्त गर्नका निम्ति उपयुक्त शैक्षणीक प्रक्रिया अपनाउनु पर्ने र सुधारात्मक शिक्षण गर्नु पर्ने व्यवस्था समेत गरेको छ । यसरी प्राथमिक तहमा निर्धारित सिकाइ उपलब्धिहरू उनको उत्प्ररणाको सिद्धान्त अनुसार नै राखिएको पाइन्छ साथै उनको सिद्धान्त अनुसार निरन्तर मूल्याङ्कन प्रणाली अन्तर्गत उदारकक्षोन्नतिमा विद्यार्थीहरूले क्रमशः एक पछि अर्को गर्दै सिकाइ उपलब्धि प्राप्त गर्दै गए पछि मात्र कक्षा चढाउने व्यवस्था गरिएको छ । यसका अलावा एउटा सुचक अनुसारको उपलब्धि प्राप्त भै सकेपछि अर्को सूचकले सिकारूलाई सिक्न र शिक्षकलाई प्रभावकारी ढंगबाट सिकाउन प्रेरित गरेको हुन्छ ( पौडेल, २०६३ मा  उद्धृत ) ।

कामदारलाई झै शिक्षक तथा विद्यार्थीलाई अधिकतम शैक्षिक उपलब्धीहरु हासिल गर्ने ढङगले परिचालन गर्नु पर्दछ । बढि राम्रो गर्नेले बढि अंक पाउने तथा छिटो र सहि शैक्षिक सुचक हासिल गर्नेले छिटो कक्षा चढने व्यवस्था मिलाईएको छ । पाठ्यक्रम , पठ्यपुस्तक,शिक्षणसिकाई क्रियाकलाप ,सिकाई उपलब्धी तथा मूल्याङ्कन प्रणालीमा पनि समयानुकूल हुने गरी वैज्ञानिक ढंगले परिवर्तन गर्दै लाने प्रयास भएको छ । विद्यार्थी मूल्याङ्कनमा परम्परागत लिखित परीक्षाका माध्यमले पुरानै तरिकाबाट मात्र संचालन गरेमा सहि मूल्याङ्कन हुन सत्तैन । यस कारण मूल्याङ्कन प्रणलीमा पनि सुधार गर्दै त्यस बाट प्राप्त नतिजाहरुलाई वैज्ञानिक रुपमा विकसित गर्दै लैजानु पर्दछ । वैज्ञानिकताका आधारमा शिक्षणसिकाइ क्रियाकलाप र विद्यार्थी मूल्याङ्कन प्रणालीलाई सँगै अघि वढाउदै उदारकक्षोन्नति गर्नका लागि टेलरको वैज्ञानिक व्यवस्थापनको सिद्धान्तलाई यस सोधको एक प्रमूख कसी मानिएको छ । टेलर (१९११) का अनुसार कार्यलाई प्रभावकारी रुपमा सम्पन्न गर्न र उत्पादकत्व बढाउन मानिसलाई कुन काम गराउन खोजिएको छ ? कुन कुन काम गर्न दिएमा राम्रो किफायति ढंगले गर्न सत्तछन् भन्ने कुरा सहि ढंगले

छुट्याउनु पर्दछ । दक्षव्यक्तिलाई काममा लगाउने र अदक्षलाई थप तालिमको ब्यवस्था गर्ने गरेमा कार्य प्रणालीको उत्पादकत्वव बृद्धि गर्न सकिन्छ । उनको यो सिद्धान्तलाई वैज्ञानिक व्यवस्थापनको सिद्धान्त भनिन्छ ।

उनका अनुसार कामदारलाई काम गर्ने वातावरणमा उपयूक्त सुधार गर्न सकेमा उत्पदकत्व बढछ । व्यवस्थापकले राम्रो योजना निर्माण गर्नु पर्दछ । तब मात्र कामदारहरुले राम्रो कार्य सम्पादन गर्न सक्दछ । काम गर्ने विधि वैज्ञानिक हुनु पर्दछ । कामदार छनौट गर्दा दक्ष र तालिम प्राप्त कामदार छनौट गर्नु पर्दछ । आवश्यकता अनुसार कामलारलाई तालिमको व्यवस्था गरेर कार्यको विभाजन गर्नु पर्दछ । कामलारलाई कम थकान हुने गरि उपयूक्त वातावरण भएमा उत्पादकत्व बृद्धि हुने गरि वढि कार्य गर्न सत्तछ (शर्मा २०५८मा उद्धृत ) ।

शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी वनाउनका लागि पाठ्यक्रमले तोकेका क्रियाकलाप तथा शैक्षिक सुचकलाई क्रमशः अभ्यस्त बनाउदै निचोडमा पुग्नुपर्दछ । अभ्यासले मानिसलाई सिकाइ प्रति दत्तचित्त तथा उत्प्रेरित बनाउन मद्दत गर्ने हुँदा विद्यार्थी मूल्याङ्कनको क्रममा विद्यार्थीहरूलाई दैनिक रूपमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सरिक गराउँदै उदारकक्षोन्नति गर्न सकिन्छ । थर्नडाइक (१९१३) का अनुसार सिकाइ भनेको ठीक व्यवहारलाई आत्मसात गर्नु तथा बेठीक व्यवहारलाई त्याग्दै जानु हो । सिकारुले पनि सिक्ने क्रममा विभिन्न प्रयासहरू गर्दा गर्दै र प्रतिक्रिया देखाउदा देखाउदै सफलता प्राप्त गर्नु सही समाधान र प्रयासले मात्र स्थायी रूप लिई सिकाइ स्थाइ तथा प्रभावकारी हुने कुरामा जोड दिएको छ (शर्मा, २०५८ मा उद्धृत) ।

निरन्तर विद्यार्थी मूल्याङ्कन औपचारिक रुपमा गरिने मूल्याङ्कन नभई अनौपचारिक रुपमा गरिने मूल्याङ्कन हो । यो मूल्याङ्कन प्रणालीमा लिखित परीक्षा भन्दा मूल्याङ्कनका अनौपचारिक साधनहरको प्रयोग गरिन्छ र विद्यार्थीका कमिकमजोरीहरु पत्ता लगाई सुधारात्मक शिक्षण गर्नु पर्दछ । रवर्ट ए स्टेक (१९९०) मूल्याङ्कन औपचारिक नहुने ,पूर्णरुपमा गुणात्मक ताथ मानवजातीय अध्ययन हुने , सरोकारवालाबाट पृष्ठपोषण लिने , सहभागि र तीनको विविध विचार तथा अनुभवका आधारमा मूल्य पत्ता लगाउने कुरामा जोड दिन्छन् । उनका अनुसार शैक्षिक कार्यक्रमको आशा उद्देश्यलाई भन्दा त्यसको क्रियाकलापलाई बढि जोड दिन अवलोकन गर्नु ,योजना वनाउनु ,स्रोताहरुको मूल्य पत्ता लगाउनु ,अनुभव संकलन गर्नु , गुणस्तर जाच गर्नु ,अन्तरक्रिया गर्नु ,तथ्याङ्क प्राप्त गर्नु र स्रोताहरुका विभिन्न मूल्य सम्बन्धी अवधारणाहरु मूल्याङ्कनले प्रस्तुत गर्नु भनेका छन् (खनाल २०६५ )।

विद्यार्थीको निरन्तर मूल्याङ्कन गर्ने क्रममा क्रमशः सरलबाट जटिल तर्फ सिकाइ उपलब्धि हुन्छ । सिकारूलाई तय गरिएको एउटा शैक्षिक उपलब्धिमा अभ्यस्त गराइसकेपछि मात्र अर्को शैक्षीक उपलब्धि तिर अगाडि बढाउनु पर्ने तथा विद्यार्थीहरूका लागि तय गरिएका उपलब्धिहरू हासिल नभए सम्म सिकारूलाई पटक पटक शिक्षकले अभ्यस्त गराउनु पर्ने भन्ने कुराको लागि यो सिद्धान्तलाई आधार बनाइएको छ । स्किनर (१९३०) का अनुसार कुनै पनि व्यवहार उत्तेजनाका कारणबाट देखा पर्नुलाई प्रतिक्रियात्मक व्यवहार भनिन्छ । जस्तै खानेकुरा देख्दा र्‍याल आउनु । स्किनरले सन १९३० मा क्रियापरक अनुसन्धान मुसा माथि प्रयोग गरेको थिए । त्यसै गरी उनले दोस्रो प्रयोग परेवा माथि गरेका थिए । यो सिद्धान्तबाट कुनै पनि कुरा सिक्न सिकारू

तत्पर हुनु पर्दछ । सिकारू तत्पर छ र निरन्तर अभ्यास छ भने सिकाइ प्रभावकारी हुन्छ । त्यसकारण विद्यार्थी मूल्याङ्कनमा पनि यो सिद्धान्तको सम्वन्ध छ । मूल्याङ्कन एक पटकमा नगरेर विद्यार्थीले तत्काल सिकाइको क्रममा देखाउने प्रतिक्रियाको आधारमा यसका हरेक क्रियाकलापको निरन्तर रूपमा मूल्याङ्कन गर्दै जानुपर्छ( शर्मा, २०५८ मा उद्धृत) ।

## २.२ सम्वन्धित अध्ययनको पुनरावलोकन

सम्बन्धित साहित्यको पुनरावलोकनले शोध प्रस्ताव कर्तालाई आफ्नो विषयको गहिराईसम्म अध्यायन तथा अनुसन्धान गरी यथार्थ फरक सल्लाह दिन र आफ्नो शोध प्रस्तावको बलियो आधार तयार गर्नका लागि सहयोग गरेको छ । शोध प्रस्ताव सम्बन्धित साहित्यको पुनरावलोकन गर्ने क्रममा प्राप्त भएका साहित्यहरु,सन्दर्भग्रन्थहरु,प्रतिवेदन तथा पत्रपत्रिकाहरुको अध्ययन गरी निस्किएका निम्न निष्कर्षहरुलाई निचोडको रुपमा उल्लेख गरिएको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारुप-२०६३,का अनुसार प्राथमिक तहमा विद्यार्थी मूल्याङ्कनलाई उच्च स्थान दिइने मूल्याङ्कन प्रणालीलाई विद्यार्थीको सिकाईसंग अवद्धता गराइनु पर्ने ,पाठयक्रममा आधारित मूल्याङ्कनमा जोड दिने ,मूल्याङ्कन पद्धतिमा शिक्षक बढी जिम्मेवार हुनु पर्ने जस्ता तथ्यहरुलाई जोड दिएको छ । यसै गरी विद्यार्थी मूल्यङ्कनका लागि निर्माणात्मक मूल्याङ्कनमा जोड दिई उदारकक्षोन्नति वा तह बृद्धि गरिनु पर्ने यहि मूल्याङ्कन पद्धतिलाई अंगाल्दै उदारकक्षोन्नतिलाई आधारभूत तह (कक्षा १-८) को कक्षा ७ सम्म लागू गर्नु पर्ने तथ्यलाई जोड दिईएको छ ।

फूयल (२०६५) ले हालसम्म रहदै आएको आवधिक मूल्याङ्कन प्रणाली वा परीक्षाले मात्र विद्यार्थीको सर्वाङ्गीण पक्षको मूल्याङ्कन गर्न नसकिने, परीक्षाले त विद्यार्थीलाई कक्षा उतिर्ण गराउने कि नगराउने भन्ने कुराको मात्र निर्णय गर्ने हुँदा विद्यार्थीको मूल्याङ्कन नियमित रूपमा गरिनु पर्दछ । मूल्याङ्कन प्रणालीको प्रभावकारिताले नै सिकाइलाई प्रभावकारी बनाउने निष्कर्षका साथ शोध विद्यार्थीहरूको मूल्याङ्कन निरन्तर रूपमा गरिनु पर्ने कुरा उल्लेख गरेका छन् । नेपालमा पनि शिक्षा क्षेत्रसँग सम्बन्धित थुप्रै नविनतम कार्यक्रम आएता पनि तिनीहरूको प्रभावकारिता कार्यान्वयनको अभावमा राम्रा योजनाहरू पनि विलय भएर जाने कुरा तर्फ इंगित गरेको छ । उक्त अध्ययनले परीक्षण कालमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली प्रभावकारी रहेको तर निरन्तर विद्यार्थी मूल्याङ्कनसँग सम्बन्धित प्रष्ट नीति नहुँदा यो मूल्याङ्कन प्रणाली लागु गर्ने कि नगर्ने भन्ने कुरामा अन्योलता देखिएको छ । निरन्तर मूल्याङ्कन प्रणाली प्रभावकारी नहुनुमा अभ्यासमूलक शिक्षण सिकाइ नहुनु, शिक्षकलाई तालिमको अभाव हुनु, शिक्षकलाई बढी पाठ्यभार हुनु, वि.नी. र स्रोतव्यक्तिबाट उचित अनुगमन र निरीक्षण नहुनु आदि जस्ता समस्याहरू देखिएका छन् । यसर्थ निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीमा देखिएका कठिनाइहरूमा सुधार गरी सबै विद्यालयहरूले निरन्तर मूल्याङ्कन प्रणाली लागू गर्दा उपयोगी हुने कुरा प्रष्ट पारेका छन् । निरन्तर मूल्याङ्कन प्रणालीमा देखिएका यी समस्याहरू समाधान गरी यस सँग सम्बन्धित प्रभावकारी शिक्षक तालिम, प्रयाप्त भौतिक स्रोत साधन, उपयुक्त शिक्षक विद्यार्थी अनुपात बनाउनु पर्ने साथै प्रभावकारी निरीक्षण र

अनुगमनको व्यवस्था गरी निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली प्रभावकारी रूपमा लागू गर्न ठोस पहल गरी तल्लो तह देखि माथिल्ला निकाय सम्म स्पष्ट जिम्मेवारी सुम्पनु पर्ने सुझावहरू दिएका छन् ।

कार्की (२०६६) का अनुसार परम्परागत रूपमा चल्दै आएको परीक्षा प्रणालीले विद्यार्थीको चौतर्फी पक्षको मूल्याङ्कन गर्न नसकिने निचोड निकाली देशव्यापी रूपमा लागू भइसकेको निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयनको क्रममा देखिएका समस्या र त्यसको उचित समाधानमा केन्द्रित भइ अध्ययन गरेको पाइयो । उक्त अध्ययनबाट कार्यसंचयीका फायललाई उचित रूपमा व्यवस्थापन नगरेको, विद्यार्थी मूल्याङ्कनको लागि परीक्षा बाहेकका मूल्याङ्कनका अन्य साधनहरूको प्रयोग नगरेको, विद्यार्थी शिक्षक अनुपात उपयुक्त नहुदा शिक्षकलाई वढी पाठ्यभार परेको, निरन्तर मूल्याङ्कन प्रणाली र उदारकक्षोन्नति सम्वन्धी तालिमको अभाव आदि निष्कर्षहरु निकालेको पाइयो भने निरन्तर मूल्याङ्कन प्रणालीलाई प्रभावकारी कार्यान्वयनको लागि उचित शिक्षक तालिमको व्यवस्था गर्नु पर्ने, नियमित अनुगमन र निरीक्षणको व्यवस्था गर्नु पर्ने, कार्यसंचयिका फायललाई उचित व्यवस्थापन गर्नका लागि प्रत्येक कक्षा कोठामा एउटा दराजको व्यवस्था गर्नुपर्ने, निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली सहज रूपमा प्रयोगमा ल्याउनका लागि शिक्षक दरवन्दी थप गरी मूल्याङ्कन प्रणालीलाई संस्थागत विद्यालयमा समेत लागु गर्नु पर्ने सुझावहरू दिएका छन् ।

कुँवर (२०६५) का अनुसार परीक्षा मूल्याङ्कनका विभिन्न साधनहरू मध्येको एउटा साधन मात्र हो । हाम्रो प्रचलित शिक्षण प्रक्रिया परीक्षामूखी छ । हाम्रा विद्यालयमा आज पनि परीक्षालाई विद्यार्थी मूल्याङ्कनको निर्विकल्प साधनको रूपमा लिइन्छ । विद्यार्थीको मूल्याङ्कनको मूख्य उद्देश्य कक्षा चढाउनु मात्र नभएर पाठ्यक्रमले तय गरेका न्यूनतम सिकाइ उपलब्धि हासिल गराउनु साथै समग्र शैक्षिक प्रक्रियामा सुधारात्मक प्रक्रिया अपनाउनु हो । वर्तमान मूल्याङ्कन प्रणालीमा देखिएका कठिनाइहरूलाई परीक्षालाई मात्र मूल्याङ्कनका साधनका रूपमा लिनु, पठनपाठन क्रियाकलाप परीक्षामुखि हुनु, अवैज्ञानिक मूल्याङ्कन प्रणालीको प्रयोग हुनु, परीक्षाफलको विश्लेषण र प्रयोगको अभाव, मूल्याङ्कन सम्बन्धी वास्तविक ज्ञानको अभाव, शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रूपमा मूल्याङ्कनलाई नलिनु, आन्तरिक मूल्याङ्कनको अभाव, प्रश्नपत्र निर्माण र परीक्षणमा ध्यान नदिनु, अभिभावकको चेतनाको कमि, आर्थिक असक्षमता जस्ता पक्षहरु निरन्तर मूल्याङ्कन प्राणलीभित्र पर्ने तथ्यलाई औल्याएका छन्।

भट्ट (२०६५) का अनुसार प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रणाली र उदारकक्षोन्नति व्यवस्था कार्यान्वयनको अवस्था शीर्षकमा उदारकक्षोन्नति व्यवस्था सम्बन्धमा अभिभावकहरू अनभिज्ञ रहेको, शिक्षकहरू पनि यस बारेमा पुर्णरूपमा जानकार नभएको कुरा उल्लेख गर्नु भएको छ । उदारकक्षोन्नति कार्यान्वयनमा विद्यार्थीहरू नियमित रूपमा उपस्थित नहुने कक्षामा विद्यार्थी संख्या अधिक हुने र शिक्षकहरू तालिम अप्राप्त हुनु जस्ता कारणहरू प्रमुख समस्याको रूपमा रहेको उल्लेख गर्नु भएको छ । यस्ता समस्याहरू समाधान गर्न सरकारी स्तरबाट कुनै पहल नभएकोले प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि अभिभावकहरूमा नै चेतना जगाउनु पर्ने, विद्यार्थीहरूका कमिकमजोरीहरू औल्याइ सुधार गर्नको लागि पुरस्कार र दण्ड सहितको मनोवैज्ञानिक ढंगले

उपचार गर्नुपर्ने, विद्यार्थीका सम्पूर्ण शैक्षिक क्रियाकलापहरूको समुचित तरिकाबाट रेकर्ड राख्ने र उदारकक्षोन्नति कार्यान्वयनमा देखिएका समस्या समाधानका लागि सम्वन्धित निकायबाट सहयोग हुनुपर्ने सुझाव दिनु भएको छ ।

शर्मा(२०६६)का अनुसार उदारकक्षोन्नति नीतिले सवैलाई उत्साहित त गर्छ तर सावधानीपूर्वक निरन्तर मूल्याङ्कन प्रक्रियालाई अपनाइ कक्षामा हुने शिक्षण सिकाइलाई प्रभावकारी रूपले अपनाउन नसकेमा वा नपढेमा पनि कक्षोन्नति हुन्छ भनेर नकारात्मक रूपमा लिइयो भने यसबाट ठुलो नोक्सानी हुने र भावी पिढीले पनि आधारभूत कुरा सिक्न नसकेर जग कमजोर भएको घर जस्तै अवस्थामा पुग्न सक्ने कुरा सहजै आङ्कनल गर्न सकिन्छ । विद्यार्थी मूल्याङ्कनमा शिक्षकहरूको निरन्तर उपस्थितिको महत्वपूर्ण भूमिका रहन्छ तर विभिन्न अध्ययनहरूले देखाए अनुसार शिक्षकहरूको विद्यालयमा हुने अनुपस्थिति पनि निकै ठुलो समस्या रहेको देखाएको छ । शिक्षकहरूको कक्षामा हुने उपस्थिति कम भएमा, जिम्मेवारीको बोध नभएमा,धेरै झन्झट गर्ने भनेर विद्यार्थीको मूल्याङ्कन रेकर्ड अध्यापन गरेको पाठ अनुसार नराख्ने, कार्यसंचयीका फायल नबनाउने, सजिलोको लागि परम्परागत मूल्याङ्कन प्रणाली लागू गर्ने अथवा रेकर्ड राख्न र मूल्याङ्कन गर्न नजान्ने समेतको अवस्थाले कतिपय जिल्लामा शिक्षण सिकाइ प्रक्रियालाई असर पारिरहेको देखिन्छ । अर्को तर्फ हाम्रो निरीक्षण तथा अनुगमन प्रणालीले सुधार गर्न मद्दत गर्ने र कार्यान्वयनमा प्रभावकारिता ल्याउन पृष्टपोषण दिने कार्य त्यति प्रयाप्त मात्रामा भएको देखिदैन । उनको निष्कर्षमा उदारकक्षोन्नति र निरन्तर मूल्याङ्कन प्रक्रियाले विद्यार्थीको मनोविज्ञानलाई असर नपर्ने गरी पठनपाठनलाई कक्षामा सिकाइको वातावरण सिर्जना गरी प्रत्येक विद्यार्थीको सिकाइ उपलब्धिको निरन्तर रूपमा पाठअनुसार मूल्याङ्कन गरी कमजोर पक्षलाई सहयोगी शिक्षणका रूपमा अगाडि बढाउने र विद्यार्थीहरूमा भएको प्रतिभा प्रष्फुटन हुने अवसर सिर्जना गर्ने अपेक्षाका साथ अगाडि बढाइएको भएतापनि भौगोलिक विविधता, स्रोत साधनको कमी, दक्ष जनशक्तिको अभाव तथा परम्परागत सोचले गर्दा हाल भइरहेको अवस्थाबाट त्यति सन्तोष लिन सक्ने स्थिति देखिदैन । अतः यी सवै कुराहरूलाई मनन् गरी सञ्चार व्यवस्था र अनुगमन प्रणालीलाई वढी क्रियाशील बनाइ यसले अपेक्षा गरेको लक्ष्य हासिल गराउन सबै पक्षको आ-आफ्नो स्थानबाट सहयोग हुनुपर्ने देखिन्छ ।

## २.३ पुनरावलोकनको उपादेयता

यस शोध प्रस्ताव तयार गर्ने क्रममा यस भित्र प्रयोग गरिएका सैद्धान्तिक खाकाहरुले शोधपत्र तयार गर्ने क्रममा सैद्धान्तिक खाका कोर्न सहयोग पुऱ्याउँछ । उदारकक्षोन्नतिको उपादेयता,कार्यन्वयनको अवस्था र यसले सिकाई उपलब्धीमा पारेको प्रभावलाई पुष्टि गर्न स्पष्ट दार्शनिक अधार प्रदान गर्छ ।

त्यसैगरी शोध प्रस्ताव तयार गर्ने क्रममा विभिन्न लेख रचना साहित्यहरुको समिक्षा गरिएको छ । जसले शोधकार्य गठनमा कस्ता विषयवस्तुको अध्ययन गर्ने,यस सम्बन्धमा अघिल्ला रचनाहरुमा के के तथ्यहरु छन् र ती तथ्यहरुलाई कसरी छनौट गर्ने, शिर्षक छनौट, उद्देश्य निर्माण जस्ता पक्षहरुलाई सम्बन्धित साहित्यको पुनरावलोकनबाट अध्ययनलाई निश्चित बाटोमा लैजान मद्दत गर्दछ । शोधकार्य गर्ने क्रममा लेखन शैली,

परिकल्पना निर्माण गरी गहिरो अध्ययन गर्न सम्वन्धित साहित्यको पुनरावलोकनले सहयोग गर्दछ । साथै यसले अध्ययनलाई बढि सूचना तथा जानकारीमूलक बनाउँन समेत मद्दत गर्दछ ।

# परिच्छेद तीन : अध्ययन विधि

कुनै पनि अध्ययनलाई प्रभावकारी र सहजढंगले सम्पन्न गर्नको लागि विधिहरू पुर्वनिर्धारित हुनुपर्दछ यसर्थ यस अध्ययनमा निम्नानुसारको विधि अवलम्वन गरिएको छ ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

प्रत्येक अनुसन्धानको अध्ययन गर्ने विषयको प्रकृति अनुसार अध्ययनका ढाँचा पनि फरक फरक हुनेछ । यो अध्ययनमा तथ्याङ्कहरूलाई गुणात्मक र परिमाणात्मक रूपमा व्याख्या र विश्लेषण गरिने छ । अध्ययनमा शिक्षकहरू र प्र.अ.हरूबाट गुणात्मक तथा परिमाणात्मक तथ्याङ्कहरू संकलन गरिने छ । प्राप्त तथ्याङ्कलाई प्रकृति अनुसार गणितिय विश्लेषणबाट तथा उत्तरदाताको भावना र अनुभवमा आधारित भई व्याख्या गरिने छ । यसैले यो अध्ययनको ढाँचा मिश्रित प्रकृतिको हुनेछ ।

## ३.२ जनसंख्या

यो अध्ययन मोरङ जिल्ला बाहुनी स्रोतकेन्द्रका ३ वटा सामुदायिक विद्यालयहरूमा सीमित हुने हुँदा स्रोतकेन्द्रका स्रोतव्यक्ति, वि.नि., प्र.अ.,विद्यालयमा अध्यापनरत शिक्षक तथा विद्यालयमा अध्ययनरत विद्यार्थीका अभिभावकहरू र अध्ययनरत विद्यार्थीहरुलाई सम्पूर्ण जनसंख्याको रूपमा लिइने छ ।

## ३.३ नमूनाको आकार

क) जनसंख्यामा पर्ने मोरङ जिल्ला बाहुनी स्रोतकेन्द्रका २७ विद्यालयहरू मध्ये ३ वटा विद्यालयहरू छनौट गरिएको छ ।

ख) छनौटमा परेका विद्यालयमा अध्यापन गरी उदारकक्षोन्नतिलाई प्रयोग गरिरहेका २/२जना शिक्षक गरी ६ जना शिक्षकहरूलाई छनोट गरिएको छ ।

ग) छनौटमा परेका विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका अभिभावक मध्येबाट १/१ जना गरी ३ जना अभिभावकहरूलाई छनौट गरिएको छ ।

घ) छनौटमा परेका विद्यालयका १/१ जना प्र.अ., १ जना स्रोतव्यक्ति र १ जना वि.नि.लाई छनोट गरिएको छ ।

ङ) छनौटमा परेका विद्यालयका २/२ जना विद्यार्थीलाई छनौट गरिएको छ ।

## ३.४ नमुना छनौट विधि

यस अध्ययनका लागि निर्धारित जनसंख्याबाट विद्यालय छनौट गर्न स्तरीकृत नमूना छनौट विधि र शिक्षक तथा अभिभावक छनौट गर्न उद्देश्यमूलक नमुना छनौट विधिको प्रयोग निम्नानुसार गरिएको छ । उद्देश्यमुलक नमुना छनौट भन्नाले अनुशन्धानको उद्देश्य, प्रकृति अनुसार अनुशन्धान कर्ताको दिमागिय क्षमताको उपयोग गरि नमुना छनौट गर्ने विधि हो ।

### ३.५ नमुना छनौटका  आधार

प्राथमिक तहमा निरन्तर मूल्याङ्कनको रूपमा प्रयोग गरिने उदारकक्षोन्नतिलको उपादेयता विषयमा सूचना संकलन गरी अध्ययन अनुसन्धान गर्नका लागि अध्ययनकर्ता स्वयं त्यहिको स्थानीय ठाउँमा कार्य गर्ने भएकोले भौगोलिक दृष्टिकोणले सहज तथा संकलीत सुचनाहरूमा वैधता र विश्वसनीयता हुने साथै मितव्ययिता पनि हुने भएकोले मोरङ जिल्ला बाहुनी स्रोतकेन्द्रका ३ वटा  विद्यालयहरू छनौट गरिएको हो ।

### ३.६ तथ्याङ्क संकलनका साधनहरू

यो अध्ययन सम्पन्न गर्न निम्न साधनहरूको निर्माण गरी तथ्याङ्क संकलन गरिएको छ ।

#### ३.६.१ प्रश्नावली

उदारकक्षोान्नतिको अवधारणा, उदारकक्षोन्नतिको उपादेयता,उदारकक्षोन्नतिको मापदण्ड र यसले शिक्षण सिकाइमा पारेको प्रभावको विषयमा तथ्याङ्क संकलन गर्न  प्रश्नावलीको प्रयोग गरिएको छ । यस अध्ययनमा प्र.अ, शिक्षक,स्रोतब्यक्ति र वि.नि. संग प्रश्नोत्तर गरी तथ्याङ्क संकलन गरिएको छ ।

#### ३.६.२ अन्तर्वार्ता

उदारकक्षोन्नतिको अवधारणा,उदारकक्षोन्नतिको उपादेयता तथा उदारकक्षोन्नतिले शिक्षण सिकाइमा पारेको प्रभाव बारे अभिभावकको बुझाइ, विचार र धारणाहरू लिन अन्तर्वार्ता निर्देशिका बनाइ अन्तर्वार्ता लिइएको छ । यस अध्ययनमा विद्यार्थी र अभिभावकहरुलाई अर्न्तवार्ता निर्देशिका तयार गरी अर्न्तवार्ता लिएको छ ।

#### ३.६.३ समुह छलफल

उदारकक्षोन्नतिको उपादेयता विषयमा सबै सरोकारवालाहरूको धारणा एकै ठाउमा रहेर बुझ्न वि.नि., स्रोतव्यक्ति, प्र.अ., शिक्षक तथा अभिभावकहरूको संयुक्त भेला गराइ छलफल निर्देशिका तयार गरी समुह छलफल गरिएको छ ।

#### ३.६.४ सर्वेक्षण फारम

विद्यालयले उदारकक्षोन्नति गर्न प्रयोग गरेका फारमहरू, कार्यसंचयीका र मूल्याङ्कन अभिलेखबाट प्राप्त तथ्यहरूलाई फारममा भराइएको छ ।

### ३.७ साधनको वैधता

उदारकक्षोन्नतिको उपादेयता वारेमा खोज अनुसन्धान गरी वास्तविकता पत्ता लगाउन प्रयोग गरिएका साधनहरूको वैधता जाँच गर्न शोध निर्देशक, विषय विशेषज्ञको सुझाव,पुस्तकालयको अध्ययन तथा समकक्षी साथीहरूको छलफलबाट साधनको वैधता निर्धारण गरिएको छ ।

### ३.८ तथ्याङ्कको स्रोत

उदारकक्षोन्नतिको उपादेता सम्वन्धी यस अध्ययन अनुसन्धानमा तथ्याङ्कको स्रोतको रूपमा प्राथमिक र द्वितीय दुवै स्रोतहरूको प्रयोग गरिएको छ ।

### ३.८.१ प्राथमिक स्रोत

उदारकक्षोन्नतिको उपादेयता पत्ता लगाउन छनौटमा परेका विद्यालयका प्र.अ., शिक्षक, अभिभावक, स्रोतव्यक्ति र वि.नि.लाई उनीहरूसँग नै आमनेसामने भएर प्रश्नावली अन्तरवार्ता, अवलोकन र छलफलबाट सूचनाहरू संकलन गरिएको छ ।

### ३.८.२ द्वितीय स्रोत

उदारकक्षोन्नतिको उपादेयता पत्ता लगाउन प्राथमिक स्रोतबाट प्राप्त सूचनाहरू मात्र प्रयाप्त नहुने भएकोले द्वितीय स्रोतहरू विद्यालयको परीक्षाफल फायल, विद्यार्थीको अभिलेख, कार्यसंचयिकका फायल तथा पत्रपत्रिका, बुलेटिन, विभिन्न कितावहरूको आधारमा सूचना संकलन गरिएको छ ।

### ३.९ तथ्याङ्क संकलन प्रक्रिया

तथ्याङ्क संकलनका लागि अध्ययनकर्ताको सहजताका लागि मोरङ जिल्ला बाहुनी स्रोतकेन्द्रका ३ वटा विद्यालयहरू छनौट गरिएको छ । उदारकक्षोन्नति उपदेयता बारे सूचना संकलन गर्न उद्देश्यमूलक नमूना छनौट विधिबाट  विद्यालयहरू छनौट गरी उक्त विद्यालयका शिक्षक, अभिभावक, स्रोतव्यक्ति तथा वि.नि.लाई प्रश्नावली, अन्तरवार्ता, छलफल र सर्वेक्षण फारमबाट सूचनाहरू संकलन गरिएको छ ।

### ३.१० तथ्याङ्क विश्लेषण प्रक्रिया

उदारकक्षोन्नतिको उपादेयतासँग सम्वन्धित रहेर संकलन गरिएका तथ्याङ्कहरूलाई बोधगम्य, अर्थपूर्ण, स्पष्ट बनाउन, तथ्याङ्कको स्वरुप अनुसार मिलाउन र व्यवस्थित रुपमा राख्न तालिका, डायग्राम आदिमा प्रस्तुत गरी वर्णनात्मक ढंगले विवेचना गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको व्याख्या र विश्लेषण

अनुसन्धान प्रकृयामा छरिएर रहेका सूचनाहरुलाई संगठित गर्दै निश्चित क्रममा मिलाउने, सम्पादन गर्ने, व्यवस्थित गर्ने, अर्थपूर्ण र बोधगम्य बनाउने कार्यलाई तथ्याङ्कको व्याख्या विश्लेषण भनिन्छ । उदारकक्षोन्नतिको उपादेयता सम्बन्धमा ३ वटा विद्यालयको तथ्याङ्कमा आधारित रहेर प्राप्त भएका तथ्याङ्कहरुलाई परिमाणात्मक र गुणात्मक शैलीमा व्याख्या र विश्लेषण गरिएको छ । नेपालको पूर्वि क्षेत्रको श्री जनता उ.मा.वि.बाहुनी स्रोतकेन्द्र भित्र रहेका २७ ओटा सामूदायिक विद्यालयहरु छन् । जस मध्ये ३ ओटा विद्यालयहरु छनौटमा परेका छन् । उक्त विद्यालयहरुबाट प्राप्त भएको तथ्याङ्कलाई प्रस्तावनामा उल्लेख गरिएका उद्देश्य अनुसार विभिन्न शीर्षक,उपशीर्षकहरुमा विभाजन गरि निम्न अनुसार ब्याख्या विश्लेषण गरिएको छ ।

## ४.१ उदारकक्षोन्नति कार्यान्वयनको अवस्था

विद्यार्थीलाई शिक्षा दिनुको अर्थ उनीहरुलाई पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि हासिल गराउनु हो । उनीहरुलाई फेल गरेर असक्षम देखाउनु होइन । यसकारण सिकाइ उपलब्धिहरु हासिल गर्न बाँकी रहेका विषयवस्तुहरु निरन्तर मूल्याङ्कन विधिको प्रयोगबाट मात्र सम्भव छ । त्यसैले परिमार्जित पाठ्यक्रम २०५७ ले निरन्तर मूल्याङ्कन प्रणालीको आधारमा २०६५ साल सम्ममा कक्षा ३ सम्म लागू हुने गरी उदारकक्षोन्नति नीति अगाडि बढाएको छ । अध्ययनको लागि श्री जनता उ.मा.वि. बाहुनी अर्न्तगतका २७ ओटा विद्यालयहरु मध्ये छनौटमा परेका ३ वटा विद्यालयहरुमा उदारकक्षोन्नति कार्यान्वयनको अवस्था पहिचान गर्न निम्न उपशीर्षकहरु राखी विश्लेषण गरिएको छ ।

### ४.१.१ उदारकक्षोन्नतिका लागि निरन्तर मूल्याङ्कन प्रयोगको अवस्था

पाठ्यक्रमले निरन्तर मूल्याङ्कनका लागि विभिन्न मापदण्ड कक्षाकार्य/कक्षा सहभागिता, परियोजना कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य र हाजिरी तोकेको छ । पाठ्यक्रमले निर्धारण गरेका सिकाई उपलब्धीहरु पूरा भए नभएको मूल्याङ्कन गर्दा निरन्तर मूल्याङ्कन प्रणाली अन्तर्गत रहेर गर्नु पर्ने प्राथमिक पाठ्यक्रममा उल्लेख गरिएको छ । अध्ययन क्षेत्रमा रहेका विद्यालयका शिक्षकहरुले निर्धारित मापदण्डलाई प्रयोग गरेको अवस्था निम्नानुसार छ ।

तालिका १ : तोकिएको मापदण्ड प्रयोग अवस्था

| क्र. सं. | मापदण्ड | प्रयोग गर्ने शिक्षक | | प्रयोग नगर्ने शिक्षक | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | कक्षाकार्य/कक्षा सहभागिता | ४ | ६६.६६ | २ | ३३.३३ |
| २ | परियोजना कार्य | ३ | ५० | ३ | ५० |
| ३ | व्यवहार परिवर्तन | ४ | ६६.६६ | २ | ३३.३३ |
| ४ | सिर्जनात्मक कार्य | २ | ३३.३३ | ४ | ६६.६६ |
| ५ | हाजिरी | ५ | ८३.३३ | १ | १६.६६ |

स्रोत : स्थलगत अध्ययन, २०६९

माथिको तालिकामा उदारकक्षोन्नतिका लागि निरन्तर मूल्याङ्कन प्रणालीले तोकेको मापदण्ड प्रयोग गर्ने शिक्षकहरुको संख्या मध्यम खालको पाईयो । यसरी पूर्ण रुपमा मापदण्डको प्रयोग हुन नसक्दा प्रभावकारी रुपले उदारकक्षोन्नति कार्यन्वयन हुन नसक्ने देखिन्छ ।

### ४.१.२ उदारकक्षोन्नतिको लागि कार्यसंचयिका प्रयोग अवस्था

पाठ्यक्रम विकासकेन्द्र (२०६७) ले विद्यार्थीको प्रगति अभिलेख राख्न हरेक कक्षाको विषयगत फायल राखिनुका साथै छुट्टाछुट्टै व्यक्तिगत फायल राख्न कार्यसंचयिकाको व्यवस्था गर्नुपर्ने उल्लेख गरेको छ । कार्यसंचयिका विद्यार्थीका लिखित कार्य , सिर्जनात्मक कार्य तथा रचनात्मक कार्य जस्ता अभिलेख राख्ने फायल हो । यस्ता कुराहरु विद्यार्थीका सिकाई तथा प्रतिभाका प्रमाण हुन । कार्यसंचयिकामा समेट्नु पर्ने पक्षहरुमा विषयगत उपलब्धि स्तर, हाजिरी, विद्यार्थीको सामाजिक, आर्थिक पारिवारिक विवरण, अभिभावकका सुझाव, कक्षाकार्य/कक्षा सहभागिता , व्यवहार परिवर्तन, अतिरिक्त क्रियाकलाप पर्दछन् । अध्ययन क्षेत्रका शिक्षकहरुले उदारकक्षोन्नतिका लागि कार्यसंचयिकाको प्रयोगको अवस्थालाई निम्नानुसार तालिकामा देखाउन सकिन्छ :

तालिका २ : कार्यसंचयिका प्रयोगको अवस्था

| क्र.सं. | कार्यसंचयिका | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्रयोग गर्ने शिक्षक | ४ | ६६.६६ |
| २ | प्रयोग नगर्ने शिक्षक | २ | ३३.३३ |
| | जम्मा | ६ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६९

माथिको तालिकालाई हेर्दा अध्ययन क्षेत्रका विद्यालयका सबै शिक्षकहरुले कार्यसंचयिका बनाइ प्रयोग गरेको देखिदैन । नमूना छनौटमा परेका विद्यालयका ६ शिक्षकहरु मध्ये ४ जनाले (६६.६६ प्रतिशत) कार्यसंचयिकाको प्रयोग गरेको पाइयो भने २ जनाले (३३.३३ प्रतिशत) प्रयोग नगरेको पाइयो । प्रयोग गर्ने शिक्षकहरुले पनि पाठ्यक्रमले तोकेको ढाँचामा कार्यसंचयिका निर्माण नगरेको पाइयो ।

### ४.१.३) कार्यसंचयिकामा समेट्नु पर्ने पक्षहरु प्रयोगको अवस्था

प्राथमिक पाठ्यक्रम २०५७ ले कार्यसंचयिकामा विषयगत उपलब्धि, हाजिरी, विद्यार्थीको आर्थिक, सामाजिक, पारिवारिक विवरण, अभिभावकका सुझावहरु परियोजनाकार्य,कक्षाकार्य/कक्षा सहभागिता , व्यवहार परिवर्तन, अतिरिक्त क्रियाकलाप, सृजनात्मक कार्य जस्ता पक्षहरु समेटिनु पर्ने उल्लेख छ । अध्ययन क्षेत्रका नमुना छनौटमा परेका विद्यालयहरुमा निम्न अनुसार कार्यसंचयिकाको प्रयोग गरेको पाइयो ।

तालिका ३ : कार्यसंचयिकामा समेटिनु पर्ने पक्षहरु प्रयोगको अवस्था

| क्र. सं. | समेटिनु पर्ने पक्षहरु | प्रयोग गर्ने शिक्षक | | प्रयोग नगर्ने शिक्षक | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | विषयगत उपलब्धि | ६ | १०० | | |
| २ | विद्यार्थीको सामाजिक आर्थिक, पारिवारिक विवरण | ३ | ५० | ३ | ५० |
| ३ | विद्यार्थी हाजिरी | ३ | ५० | ३ | ५० |
| ४ | गृहकार्य/कक्षा सहभागिता | ३ | ५० | ३ | ५० |
| ५ | परियोजना कार्य | ३ | ५० | ३ | ५० |
| ६ | सृजनात्मक कार्य | ३ | ५० | ३ | ५० |
| ७ | अतिरिक्त क्रियाकलाप | ३ | ५० | ३ | ५० |
| ८ | व्यवहार परिवर्तन | ३ | ५० | ३ | ५० |
| ९ | अभिभावकबाट लिएका सुझाव | ३ | ५० | ३ | ५० |

स्रोत : स्थलगत अध्ययन, २०६९

माथिको तालिकालाई विश्लेषण गर्दा कार्यसंचयिकामा समेटिनु पर्ने विभिन्न पक्षहरुमा विषयगत उपलब्धिलाई सबै शिक्षकहरुले प्रयोग गरेको पाइयो । विद्यार्थीको सामाजिक,आर्थीक,पारिवारिक विवरण, विद्यार्थी हाजिरी ,कक्षाकार्य/कक्षा सहभागिता ,परियोजना कार्य ,सिर्जनात्मक कार्य,अतिरिक्त क्रियाकलाप,व्यवहार परिवर्तन र अभिभावकबाट लिएका सुझाव प्रयोग गर्ने शिक्षकहरु ३ जना (५० प्रतिशत) पाईयो भने प्रयोग नगर्ने शिक्षकहरु ३ जना (५० प्रतिशत ) पाईयो । यसरी हेर्दा उदारकक्षोन्नतिको कार्यन्वयनको अवस्था पूर्ण नभएको भन्न सकिन्छ ।

### ४.१.४ सिकाई उपलब्धि वृद्धि गर्न प्रयोग गरिएका उपायहरुको अवस्था

पाठ्यक्रमले उदारकक्षोन्नतिमा विद्यार्थीहरुले प्रत्येक पाठबाट अपेक्षित सिकाइ उपलब्धि हासिल गर्न नसकेको खण्डमा शिक्षकहरुले सुधारका उपायहरु अपनाएर विद्यार्थीको सिकाइ उपलब्धि स्तर वृद्धि गरिनु पर्ने कुरा उल्लेख गरेको छ । यहाँ सिकाइउपलब्धिस्तर वृद्धि गर्न अपनाइने उपायहरु प्रयोगको अवस्थाको सम्बन्धमा अध्ययन क्षेत्रका विद्यालयका शिक्षकहरुको स्थितीलाई तालिकामा देखाइएको छ ।

तालिका ४ : सिकाइ उपलब्धि स्तर वृद्धि गर्न प्रयोग गरिएका उपायहरुको अवस्था

| क्र. सं. | सुधारका उपायहरु | प्रयोग गर्ने शिक्षक | | प्रयोग नगर्ने शिक्षक | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | अभिभावकलाई ट्युसनको व्यवस्था गर्न लगाउने | ५ | ८३.३३ | १ | १६.३३ |
| २ | छुट्टै समयमा कमजोर विद्यार्थीलाई बढी अवसर दिने | - | - | ६ | १०० |
| ३ | कक्षा समयमै कमजोर विद्यार्थीलाई बढी अवसर दिने | ५ | ८३.३३ | १ | १६.३३ |
| ४ | अभिभावकलाई सिकाइ वातावरण राम्रो बनाउन सुझाव दिने | ६ | १०० | - | - |
| ५ | बालबालिकालाई आफूले सिकेका कुरा अरुलाई सिकाउन उत्प्रेरित गर्ने | ५ | ८३.३३ | १ | १६.३३ |
| ६ | शिक्षण विधी परिवर्तन गर्ने | ४ | ६६.६६ | २ | ३३.३३ |

स्रोत : स्थलगत अध्ययन, २०६९

माथिको तालिकालाई हेर्दा विद्यार्थीहरुको सिकाइ उपलब्धि स्तर वृद्धि गर्न अवलम्बन गरिएका उपायहरुमा अभिभावकलाई ट्युसनको व्यवस्था गर्न लगाउने शिक्षकको संख्या ५ जना (८३.३३ प्रतिशत) र नलगाउनेको संख्या १ जना (१६.३३ प्रतिशत ) देखिन्छ। छुट्टै समयमा कमजोर विद्यार्थीलाई बढी अवसर दिइ सिकाइस्तर वृद्धि गर्ने शिक्षकको संख्या शुन्य देखिन्छ भने यो उपाय प्रयोग नगर्ने शिक्षकहरुको संख्या ६ जना (१०० प्रतिशत) देखिन्छ। यसैगरी अभिभावकलाई सिकाइ वातावरण राम्रो बनाउन सुझाव दिने शिक्षकको संख्या ६ जना (१०० प्रतिशत) रहेको छ। बालबालिकालाई आफूले सिकेका कुरा अरुलाई सिकाउन प्रेरित गर्ने शिक्षकको संख्या ५ जना (८३.३३ प्रतिशत) र नगर्ने शिक्षकको संख्या १ जना (१६.६६प्रतिशत) देखिन्छ। यसैगरी शिक्षण विधि परिवर्तन गरेर विद्यार्थीको उपलब्धि स्तर वृद्धि गर्ने उपाय अवलम्बन गर्ने शिक्षकहरुको संख्या ४ जना (६६.६६ प्रतिशत ) र नगर्नेको संख्या २ जना (३३.३३ प्रतिशत) देखिन्छ।

### ४.१.४ उदारकक्षोन्नतिको मापदण्ड प्रयोगको स्थिती

निरन्तर मूल्याङ्कन प्रणाली अन्तर्गतको उदारकक्षोन्नति नीतिले विद्यार्थीलाई माथिल्लो कक्षामा उकास्न ५ वटा मापदण्डहरु तय गरेको छ। जसमा माथिल्लो कक्षामा जान उमेर पुगेको हुनुपर्ने, विद्यालय खुलेको ७० प्रतिशत हाजिर पुगेको हुनुपर्ने, पहिलो त्रैमासिक अवधिमा नै विशिष्ट क्षमता देखाउने विद्यार्थीलाई कक्षा उकास्न सकिने, दोस्रो र तेस्रो त्रैमासिकमा कक्षा उकास्न नहुने र ज्यादै कम उपलब्धि स्तर भएका विद्यार्थीलाई अभिभावकको परामर्शमा कक्षा उकास्न सकिने पर्दछन्। अध्ययन क्षेत्रका विद्यालयका शिक्षकहरुले कक्षा उकास्ने मापदण्ड प्रयोगको अवस्थालाई निम्न तालिकामा देखाइएको छ।

तालिका ५ : कक्षा उकास्ने मापदण्ड प्रयोगको अवस्था

| क्र. सं. | मापदण्डहरु | प्रयोग गर्ने शिक्षक | | प्रयोग नगर्ने शिक्षक | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | माथिल्लो कक्षामा जान उमेर पुगेको हुनु पर्ने | ५ | ८३.३३ | १ | १६.३३ |
| २ | विद्यालय खुलेको ७० प्रतिशत हाजिर हुनु पर्ने | २ | ३३.३३ | ४ | ६६.६६ |
| ३ | पहिलो त्रैमासिकमा विशिष्ट क्षमता देखाउने विद्यार्थीलाई कक्षा उकास्न सकिने | - | - | ६ | १०० |
| ४ | दोस्रो तेस्रो त्रैमासिकमा कक्षा उकास्न नहुने | ६ | १०० | - | - |
| ५ | कम सिकाई उपलब्धि स्तर भएका विद्यार्थीलाई अभिभावक,विषय शिक्षक,प्रधानाध्यापकको परामर्शमा कक्षा उकास्न सकिने | - | - | ६ | १०० |

स्रोत : स्थलगत अध्ययन,२०६९

माथिको तालिकामा ५जना (८३.६६ प्रतिशत) शिक्षकले विद्यार्थीको उमेरलाई हेरेर कक्षा उकास्ने गरेको पाइयो । विद्यालय खुलेको ७० प्रतिशत हाजिर भएको हुनुपर्ने मापदण्डलाई २ जनाले (३३.३३ प्रतिशत) प्रयोग गरेको र ४ जनाले (६६.६६ प्रतिशत) प्रयोग नगरेको भेटियो । यसै गरी पहिलो त्रैमासिकमा विशिष्ट क्षमता देखाउने विद्यार्थीलाई कक्षा उकास्न सकिने मापदण्डलाई कसैले पनि प्रयोग नगरेको साथै दोस्रो र तेस्रो त्रैमासिकमा कक्षा उकास्न नहुने मापदण्डलाई सवैले प्रयोग गरेको तथा कम सिकाई उपलब्धिस्तर भएका विद्यार्थीलाई अभिभावक,विषय शिक्षक,प्रधानाध्यापकको परामर्शमा कक्षा उकास्न सकिने मापदण्डको प्रयोग नभएको अवस्था देखियो । शिक्षकसँग कुराकानीको क्रममा १ जना शिक्षकले पहिलो त्रैमासिक अवधिमा विशिष्ट क्षमता देखाउने विद्यार्थीलाई कक्षा उकास्न सकिने मापदण्डको प्रयोग सायद नेपाल भरिनै छैन होला भन्ने सम्मको प्रतिक्रिया दिएको पाइयो । यस तथ्याङ्कबाट कक्षा उकास्ने मापदण्ड सरकारको एउटा कार्यक्रम मात्र हो, सवै विद्यार्थीहरुलाई फेल नपारीकन कक्षा चढाउनु पर्दछ भन्ने बुझाइ शिक्षकहरुमा रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

उदारकक्षोन्नतिको यस कार्यान्वयन अवस्थालाई विश्लेषण गर्दा कतिपय शिक्षकहरुलाई उदारकक्षोन्नतिको मान्यता थाहा भएको देखिदैन । उदारकक्षोन्नति सरकारको नीति भएकोले भर्ना भएका विद्यार्थीहरुलाई फेल नपारीकन खुरुखुरु कक्षा चढाउदै जानुपर्छ भन्ने धारणा अधिकांश शिक्षकहरुमा रहेको देखिन्छ । कमजोर विद्यार्थीहरुलाई अभिभावक,विषय शिक्षक,प्रधानाध्यापकको परामर्शमा कक्षा उकास्न सकिने भन्ने कुराको जानकारी हुँदाहुँदै पनि त्यसलाई वेवास्ता गरेको पाइयो साथै विद्यार्थीहरुलाई फेल पार्न नपाइने धारणा पनि शिक्षकमा रहेको देखिन्छ ।

फुयल (२०६५)ले वर्तमानमा रहेको आवधिक मूल्याङ्कन प्रणालीले विद्यार्थीको सर्वाङ्गीण पक्षको मूल्याङ्कन गर्न नसक्ने भएकोले निरन्तर मूल्याङ्कन प्रणाली अन्तर्गत उदारकक्षोन्नति नीतिलाई अवलम्वन गर्नु पर्दछ। उदारकक्षोन्नति कार्यान्वयनको क्रममा धेरै समस्याहरु देखिएकोले ति समस्याहरुलाई समाधान गर्न प्रभावकारी शिक्षक तालिम प्रयाप्त भौतिक स्रोत साधन उपयुक्त शिक्षक विद्यार्थी अनुपात र प्रभावकारी निरीक्षण र अनुगमनको व्यवस्था गर्नुपर्ने उल्लेख गरेका छन्। यसर्थ शिक्षकहरुमा तालिम तथा पुनर्ताजकी तालिमको व्यवस्था गर्नुपर्ने र नियमित रुपमा अनुगमन मूल्याङ्कन गरिनु पर्ने निष्कर्ष निकाल्न सकिन्छ।

## ४.२ उदारकक्षोन्नति र सिकाइ उपलब्धि

निरन्तर मूल्याङ्कनको माध्यमबाट गरिने उदारकक्षोन्नति नीतिले विद्यार्थीलाई परीक्षामुखी भन्दा बुझाइमुखी अध्ययनमा जोड दिने र शिक्षकहरुलाई विद्यार्थीको बुझाइ स्तरको निरन्तर मूल्याङ्कन गरी सुधारमा प्रयत्नशील रहनु पर्ने कुरामा जोड दिएको छ। यसमा प्राथमिक तहको शिक्षाको गुणस्तर वृद्धि गर्न, विद्यार्थीको भर्नादर बढाउन, कक्षा छोड्ने र दोहोर्‍याउने दर कम गर्नमा सहयोग पुर्‍याउने मान्यता राखिन्छ। त्यसकारण यस अध्ययन क्षेत्रमा रहेका विद्यालयहरुमा उदारकक्षोन्नतिले सिकाइ उपलब्धिमा पारेको प्रभावलाई विश्लेषण गर्न निम्न उपशिर्षकहरु राखी अध्ययन गरिएको छ।

### ४.२.१ कक्षा दोहोर्‍याउने विद्यार्थी संख्या

विद्यालयहरुमा कक्षा दोहोर्‍याउने विद्यार्थीहरु हुनु भनेको शैक्षिक क्षति हो। यसले शिक्षकको मेहनत समय र सरकारी लगानी खेर गएको देखाउँदछ। यसर्थ विद्यालयहरुमा जति कक्षा दोहोर्‍याउने विद्यार्थी संख्या कम गर्न सकिन्छ त्यति नै शैक्षिक क्षति पनि कम भएको मानिन्छ। यहाँ छनौटमा परेका विद्यालयहरुको कक्षा १-३ को विगत ३ वर्षको उही कक्षा दोहोर्‍याउने विद्यार्थीहरुको संख्यालाई तालिकामा देखाइएको छ।

तालिका ६ : कक्षा दोहोऱ्याउने विद्यार्थी

| क्र.सं. | शैक्षिक सत्र | विद्यार्थी भर्ना | | | उही कक्षा दोहोऱ्याउने संख्या | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | प्रतिशत |
| १ | २०६६ | १०१ | ९२ | १९३ | १ | १ | २ | १.०३ |
| २ | २०६७ | ८५ | ९० | १७५ | २ | १ | ३ | १.७१ |
| ३ | २०६८ | ८५ | ९१ | १७६ | १ | २ | ३ | १.७० |

स्रोतः फ्लास -एक २०६६,२०६७,२०६८

माथिको तालिकामा २०६६ सालमा जम्मा १९३ जना विद्यार्थी भर्ना भएकोमा २ जना वा १.०३ प्रतिशतले कक्षा दोहोऱ्याएका छन् । २०६७ सालमा जम्मा १७५ जना विद्यार्थी भर्ना भएकोमा ३ जना वा १.७१ प्रतिशतले कक्षा दोहोऱ्याएका छन् । त्यस्तै २०६८ सालमा जम्मा १७६ जना विद्यार्थी भर्ना भएकोमा ३ जना वा १.७० प्रतिशतले कक्षा  दोहोऱ्याएका छन् । यसरी वर्षेनी कक्षा दोहोऱ्याउने दर प्रतिशतमा बढ्दै जानुले उदारकक्षोन्नतिले सिकाइ उपलब्धिमा प्रभाव नपारेको होकी भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.२.२ विद्यालयको कक्षा छाड्ने दर

विद्यालयबाट विद्यार्थीले कक्षा छाड्नु भनेको पनि ठूलो शैक्षिक क्षति नै हो । यहाँ नमुना छनौटमा परेका विद्यालयको विगत ३ वर्षको कक्षा छाड्ने दरलाई निम्न तालिकामा देखाइएको छ :

तालिका  ७ : विद्यालयको कक्षा छाड्ने दर

| क्र.सं. | शैक्षिक सत्र | विद्यार्थी भर्ना | | | विद्यार्थी छाड्ने संख्या | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | प्रतिशत |
| १ | २०६६ | १०१ | ९२ | १९३ | ७ | ५ | १२ | ६.२१ |
| २ | २०६७ | ८५ | ९० | १७५ | ७ | ६ | १३ | ७.४२ |
| ३ | २०६८ | ८५ | ९१ | १७६ | ५ | ६ | ११ | ६.२५ |

स्रोत :फ्लास-दुई २०६६,२०६७,२०६८

माथिको तालिका अनुसार नमुना छनौटमा परेका विद्यालयमा २०६५ सालमा भर्ना भएका कुल १९३ जना विद्यार्थीहरु मध्ये १२ जना वा ६.२१ प्रतिशतले विचमा कक्षा छोडेको देखिन्छ । २०६६ सालमा भर्ना भएका कूल १७५ जना विद्यार्थीहरु मध्ये १३ जना वा ७.४२ प्रतिशतले कक्षा छाडेका छन् । यसलाई अघिल्लो वर्ष कक्षा

छाड्ने विद्यार्थीहरुसँग तुलना गर्दा १ जना वा १.२१ प्रतिशत वढीले कक्षा छाडेको मानिन्छ । यसै गरी २०६७ सालमा १७६ जना विद्यार्थीहरु भर्ना भएकोमा ११ जना वा ६.२५ प्रतिशतले कक्षा छाडेको देखिन्छ । यो २०६६ सालसँग तुलना गर्दा १.१७ प्रतिशतले कमी हो । यो संख्या थोरै वा नगन्य मात्रामा बढी भए पनि विद्यार्थीले कक्षा छाड्ने दर कमी भएको होकी भन्ने निष्कर्ष निकाल्न सकिन्छ यसर्थमा उदारकक्षोन्नतिले सिकाइ उपलब्धिमा केही प्रभाव पारेको मान्न सकिन्छ ।

### ४.२.३ विद्यार्थी उत्तिर्णदर

उदारकक्षोन्नतिको नीति अनुरुप कक्षाका सबै विद्यार्थीहरुलाई सिकाइ उपलब्धि हासिल गराएर मात्र कक्षा बढाउने गरिन्छ । कक्षामा कमजोर विद्यार्थीहरुलाई अभिभावकलाई ट्युसनको  व्यवस्था गर्न लगाएर छुट्टै समयमा कमजोर विद्यार्थीलाई बढी अवसर दिएर, अभिभावकलाई सिकाइ वातावरण राम्रो बनाउन सुझाव दिएर, बालबालिकालाई आफूले सिकेका कुरा अरुलाई सिकाउन प्रेरित गरेर, शिक्षण विधि परिवर्तन गरेर माथिल्लो कक्षामा उत्तीर्ण गराउने प्रयत्न गरिन्छ । यसर्थ नमुना छनौटमा परेका विद्यालयका विद्यार्थीहरु परीक्षामा सामेल भएका मध्ये कति उतीर्ण भए भन्ने कुरा निम्न तालिकामा देखाइएको छ :

तालिका  ८ : विद्यार्थी उतिर्णदर

| क्र.सं. | शैक्षिक सत्र | परीक्षामा सम्मिलित | | | उतिर्ण विद्यार्थी | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | प्रतिशत |
| १ | २०६६ | ९४ | ८७ | १८१ | ९४ | ८७ | १८१ | १०० |
| २ | २०६७ | ७८ | ८४ | १६२ | ७८ | ८४ | १६२ | १०० |
| ३ | २०६८ | ८० | ८५ | १६५ | ८० | ८५ | १६५ | १०० |

स्रोत : फ्लास-एक २०६६,२०६७,२०६८

माथिको तालिकालाई विश्लेषण गर्दा २०६६, २०६७ र २०६८ सालमा परीक्षामा सम्मिलित सबै विद्यार्थीहरु उत्तीर्ण भएका छन् । यसले उदारकक्षोन्नतिको कारण उपलब्धि १०० प्रतिशत भएको देखिन्छ तर शिक्षकसँग कुराकानी गर्दा विद्यार्थीहरु फेल गर्न नपाइने नीतिको रुपमा उदार कक्षोन्नति आएको राय केही शिक्षकहरुले दिए भने केही शिक्षकहरुले सिकाएर, जान्ने बनाएर नै कक्षा उकास्ने गरेको प्रतिक्रिया दिए । यसको आधारमा केही शिक्षकहरुले उदारकक्षोन्नतिको मर्म नै नबुझेको निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.२.४ कक्षागत र विषयगत सिकाइ उपलब्धि

उदारकक्षोन्नति गर्न विद्यार्थीका विषयगत उपलब्धिका तथ्याङ्कहरुको विश्लेषण गर्नु आवश्यक छ । विषयगत उपलब्धिलाई विश्लेषण गर्दा विद्यार्थी कुन विषयमा राम्रो छ ? कुन कुन विषयमा कमजोर छ ? विद्यार्थीको कुन विषयमा बढी रुची छ ? भन्ने कुरा थाहा पाउन सकिन्छ जसको सहयोगबाट शिक्षकले कुन विषयलाई कति

जोड दिएर शिक्षण गर्नुपर्दछ भन्ने कुरा अनुमान गर्दछ । यसर्थ शिक्षकलाई सहिमार्ग निर्देशन गर्न तथा उदारकक्षोन्नति गर्न सहयोग पुऱ्याउने विषयगत उपलब्धिलाई तलका तालिकाहरुमा देखाइएको छ ।

क) कक्षागत र विषयगत सिकाइ उपलब्धि २०६६

यहाँ नमुना छनौटमा परेका ३ विद्यालयहरुको कक्षागत र विषयगत सिकाइ उपलब्धिलाई औसतमा निकालि देखाइएको छ ।

तालिका ९ : कक्षागत र विषयगत सिकाइ उपलब्धि ,२०६६

| क्र.सं. | विषय/कक्षा | कक्षा १ | कक्षा २ | कक्षा ३ | औसत |
|---|---|---|---|---|---|
| १ | नेपाली | ५५.७५ | ५७.१५ | ५५.११ | ५६.०० |
| २ | अंग्रेजी | ५१.१० | ४९.१६ | ५०.२० | ५०.१५ |
| ३ | गणित | ५३.५९ | ५३.१८ | ४९.१५ | ५१.९७ |
| ४ | विज्ञान | ५६.१९ | ५४.१९ | ५२.३५ | ५४.२४ |
| ५ | सामाजिक | ५५.७१ | ५१.७८ | ४८.२१ | ५१.९ |
| | जम्मा औसत | ५४.४६ | ५३.०९ | ५१.०० | ५२.८५ |

स्रोत : स्थलगत अध्ययन,२०६९

माथिको तालिकालाई विश्लेषण गर्दा कक्षा बढ्दै जाँदा सिकाइ उपलब्धि घटेको देख्न सकिन्छ । कक्षा १-३ मा औषत सिकाइ उपलब्धि ५२.८५ रहेको छ । कक्षा १ मा सिकाइ उपलब्धि औसतमा ५४.४६ रहेको छ । कक्षा २ मा पुग्दा ५३.०९ पुगेको छ । यो औसतमा १.३७ को घटाइ हो । यसै गरी कक्षा ३ मा पुग्दा औसत उपलब्धि अझै घटेर ५१.०० पुगेको छ । यो कक्षा २ को तुलनामा २.०९ को घटाइ हो । यसरी उदारकक्षोन्नति लागू भएका कक्षाहरुमा सिकाइ उपलब्धि बढ्नु पर्नेमा निरन्तर घट्दै गएकोले उदारकक्षोन्नतिले सिकाइ उपलब्धिमा प्रभाव पारेको देखिदैन । यसका साथै कक्षा १-३ को विषयगत औसत प्राप्ताङ्कमा पहिलो नेपाली, दोस्रो विज्ञान, तेस्रो गणित, चौथो सामाजिक र पाँचौमा अंग्रेजी रहेको छ । त्यसकारण शिक्षण गर्दा अंग्रेजी विषयलाई बढी जोड दिनु पर्ने आवश्यकता पनि देखिन्छ ।

ख) कक्षागत र विषयगत सिकाइ उपलब्धि २०६७

यहाँ नमुना छनौटमा परेका ३ विद्यालयहरुको कक्षागत र विषयगत सिकाइ उपलब्धि औसतमा निकालि देखाइएको छ ।

तालिका १० : कक्षागत र विषयगत सिकाइ उपलब्धि २०६७

| क.सं. | विषय/कक्षा | कक्षा १ | कक्षा २ | कक्षा ३ | जम्मा |
|---|---|---|---|---|---|
| १ | नेपाली | ५४.१४ | ५७.२३ | ५५.१७ | ५५.५१ |
| २ | अंग्रेजी | ५१.१० | ४९.१९ | ५३.४७ | ५१.२५ |
| ३ | गणित | ५४.८७ | ५२.२० | ५१.५६ | ५२.८७ |
| ४ | विज्ञान | ५२.३४ | ५२.३० | ५१.२१ | ५१.९५ |
| ५ | सामाजिक | ५५.३९ | ५०.५० | ५३.१८ | ५३.०२ |
|  | जम्मा | ५३.५६ | ५२.२८ | ५२.९१ | ५२.९२ |

स्रोत : स्थलगत अध्ययन,२०६९

माथिको तालिकालाई विश्लेषण गर्दा कक्षागत र विषयगत उपलब्धि घटेको नै देख्न सकिन्छ । कक्षा १ मा सिकाइ उपलब्धि औसतमा ५३.५६ रहेको छ । जुन २०६६ सालको भन्दा ०.९ ले कम हो । कक्षा २ मा सिकाइ उपलब्धि औसतमा ५२.२८ देख्न सकिन्छ । यो कक्षा १ को भन्दा १.२८ को घटाइ हो । यसलाई अघिल्लो सालको कक्षा २ को सिकाइ उपलब्धिसँग तुलना गर्दा ०.८१ ले कमी हो । यसले सिकाइ उपलब्धि खस्किएको पुष्टि गर्दछ । यसै गरी कक्षा ३ को कक्षागत उपलब्धि औसत ५२.९१ देखिन्छ जुन कक्षा २ को भन्दा ०.६३ ले बढी हो । २०६६ सालको उपलब्धिसँग तुलना गर्दा यो औसतमा १.९१ ले वढी हो । यसबाट सिकाइ उपलब्धिमा केही सुधार भएको देखिएता पनि सन्तोषजनक मान्न सकिदैन किनकि उदारकक्षोन्नति लागू भएका कक्षाहरुमा कक्षागत विषय उपलब्धि औसतमा ५२/५३ हुनुलाई राम्रो मान्न सकिदैन । यसका साथै विषयगत उपलब्धिलाई हेर्दा सवैभन्दा पहिलो राम्रो औसत प्राप्ताङ्क नेपालीको ५५.५१, दोस्रो सामाजिकको ५३.०२, तेस्रो गणितको ५२.८७, चौथो विज्ञानको ५१.९५ र पाँचौ अंग्रेजीको ५१.२५देखिन्छ । यसकारण यस तथ्याङ्कलाई हेर्दा विज्ञान र अंग्रेजी विषयलाई बढी लक्षित गरी शिक्षण गर्नु पर्दछ ।

ग) कक्षागत र विषयगत सिकाइ उपलब्धि २०६८

यहाँ नमुना छनौटमा परेका विद्यालयहरुको २०६८ सालको कक्षागत विषय उपलब्धिलाई तालिकामा देखाइएको छ ।

तालिका ११ : कक्षागत र विषयगत सिकाइ उपलब्धि २०६८

| क्र.सं. | कक्षा / विषय | कक्षा १ | कक्षा २ | कक्षा ३ | औसत |
|---|---|---|---|---|---|
| १ | नेपाली | ५५.१३ | ५४.८३ | ५३.८९ | ५४.६१ |
| २ | अंग्रेजी | ४९.३३ | ५२.०३ | ५३.१० | ५१.४८ |
| ३ | गणित | ५२.२३ | ५३.३७ | ५२.२९ | ५२.६३ |
| ४ | विज्ञान | ५०.३१ | ५१.६१ | ५१.७९ | ५१.२३ |
| ५ | सामाजिक | ५३.२५ | ५१.१४ | ५३.३२ | ५२.२७ |
| | जम्मा औसत | ५२.०५ | ५२.५९ | ५२.८७ | ५२.५० |

स्रोत : स्थलगत अध्ययन,२०६९

माथिको तालिकालाई विश्लेषण गर्दा २०६६ र २०६७ को सालको भन्दा सिकाइ उपलब्धि मन्द गतिमा घटेको नै देखिन्छ । कक्षा १ मा सिकाइ उपलब्धि औसत ५२.०५ रहेको छ । जुन २०६७ सालको भन्दा औसत १.५१ ले घटेको हो । कक्षा २ को औसत सिकाइ उपलब्धि ५२.५९ रहेको छ । जुन अघिल्लो सालको भन्दा ०.३१ मात्र बढी हो र कक्षा ३ को औसत सिकाइ उपलब्धि ५२.८७ देखिन्छ जुन अघिल्लो सालको तुलनामा ०.०४ ले कमी हो । यसै गरी विषयगत उपलब्धिलाई विश्लेषण गर्दा सबैभन्दा पहिलो राम्रो बढी औसत नेपालीको ५४.६१, दोस्रो गणितको ५२.६३, तेस्रो सामाजिकको ५२.२७, चौथो अंग्रेजीको ५१.४८ र पाँचौ विज्ञानको ५१.२३ देखिन्छ । अघिल्लो २ वर्षको विषयगत औषत सिकाइ उपलब्धि अंग्रेजी विषयको केही बढेको देखिन्छ तर सन्तोषजनक भने छैन ।

माथिका ३ वर्षको कक्षागत र विषयगत सिकाइ उपलब्धिलाई समग्रमा हेर्दा कक्षा बढ्दै जाँदा उपलब्धिस्तर घट्दै गएको छ, यस परिणामले कक्षा १,२,३ मा लागु भएको उदारकक्षोन्नतिले सिकाइ उपलब्धिलाई प्रभाव पारेको मान्न सकिदैन ।

स्किनर (१९३०) का अनुसार कुनै कुरा सिक्नको लागि सिकारु तयारी हुनुपर्दछ । जब सिकारु शारीरिक र मानसीक रुपमा कुनै कुरा सिक्न तयारी हुन्छ तवमात्र सिकाइ पनि प्रभावकारी हुन्छ । सिकारु सिक्नलाई तयारी

हुन उसलाई उत्प्रेरणाको आवश्यकता पर्दछ, उत्प्रेरणा प्राप्त भए पछि सिकारु सिक्न तत्पर रहन्छ र उ निरन्तर अभ्यास पनि गर्दछ फलस्वरुप सिकाइ प्रभावकारी र फलदायी बन्दछ । मूल्याङ्कन गर्दा विद्यार्थीहरुलाई सिक्नको निम्ती उत्प्रेरीत गर्दै उनीहरुले देखाएको व्यवहार परिवर्तनलाई मूल्याङ्कनको आधार बनाउनुपर्दछ । मूल्याङ्कन केवल एकपटक मात्र नगरेर धेरै पटक वा सिकाइ उपलब्धि प्राप्त नहुन्जेल गरिरहनु पर्दछ । त्यसको साथ साथै सिकाइमा पनि अभ्यस्त गराइरहनुपर्दछ । यसो भएमा सिकाइ उपलब्धि राम्रो हुन्छ । शर्मा (२०६६) ले उदारकक्षोन्नतिले सबैलाई उत्साहित त गर्छ तर यसलाई सावधानीपूर्वक प्रयोग गरिएन भने यसबाट नकारात्मक परिणाम पनि आउन सक्छ । कक्षोन्नति भैहाल्छ नपढे केहि फरक पर्दैन भन्ने कमजोर बुझाइ भयो भने भावी पिडीले जग कमजोर भएको घर भत्कीदा हुने क्षती झैं ठुलो नोक्सानी बेहोर्नु पर्ने हुन्छ । त्यसकारण उदारकक्षोन्नति भनिएता पनि विद्याथीहरुलाई सिक्नको निम्ति बारम्बार उत्प्रेरित गरिरहनु पर्दछ । माथिका तथ्याङ्कहरुमा सिकाइ उपलब्धि कक्षा बढदै जाँदा घट्दै जानुको पछाडि विद्यार्थीहरुमा सिक्नको निम्ति उत्प्रेरणा नजगाइएकोले गर्दा हो भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

## ४.३ सिकाइ उपलब्धिका समस्याहरु

शैक्षिक कार्यक्रमको महत्वपूर्ण लगानी विद्यार्थी हो । विद्यार्थीहरुले उमेर र स्तर अनुसारका आवश्यक ज्ञान, सीप र धारणा के कति सिके वा सिकेनन् भनेर विद्यार्थीको मूल्याङ्ककन गरिन्छ । यसरी मूल्याङ्ककनबाट विद्यार्थीले सिकेको र सिक्न नसकेका कुराको जानकारी हुन्छ । विद्यार्थीहरुले सिकेका कुरामा प्रोत्साहन तथा थप हौसला दिदै अगाडि बढ्न सहयोग गर्ने र सिक्न नसकेका कुराहरुमा कारण बुझेर पृष्टपोषण दिदै सिकाउनु पर्दछ तसर्थ प्रभावकारी शिक्षण सिकाइका लागि सक्षम तरिकाबाट विद्यार्थीहरुको सर्वाङ्गीण पक्षको मूल्याङ्कन गरिनु पर्दछ भन्ने अवधारणाका साथ उदारकक्षोन्नतिको नीति आएको हो र यो अहिले कार्यान्वयनको अवस्थामा छ । उदारकक्षोन्नति नीति कार्यान्वयनको यस चरणमा सिकाइ उपलब्धिमा देखिएका समस्याहरुलाई विश्लेषण गर्न विभिन्न उपशिर्षकहरु राखि अध्ययन गरिएको छ ।

### ४.२.१ कक्षाकोठामा विद्यार्थी संख्या

विद्यार्थीको घनत्व अनुसार शिक्षण सिकाइ उपलब्धि  फरक पर्दछ । सामान्यतया कक्षा कोठामा विद्यार्थीहरुको चाप धेरै भएको खण्डमा शिक्षकले सबै विद्यार्थीहरुमा नजर पुऱ्याउन नसक्ने भएकोले चाहे अनुसार उपलब्धि हासिल नभएको हुन सक्छ भने शिक्षक विद्यार्थी अनुपात ठिक भएमा वा विद्यार्थी संख्या कम भएमा शिक्षकले सवै विद्यार्थीमा नजर पुऱ्याउन सक्दछ र सिकाइ उपलब्धि चाहे अनुसार प्राप्त हुन्छ । साधारणतया एउटा कक्षाकोठामा ३० जना विद्यार्थी राख्नु पर्ने व्यवस्था छ । यहाँ नमुना छनौटमा परेका विद्यालयको कक्षागत विद्यार्थी संख्यालाई तालिकामा देखाइएको छ ।

तालिका १२ : कक्षा कोठामा विद्यार्थी संख्या २०६६

| क्र. सं. | विद्यालय | कक्षा १ | | | कक्षा २ | | | कक्षा ३ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १. | श्री महेन्द्र.मा.वि.डाँगीहाट | १२ | १० | २१ | १४ | १० | २४ | १३ | १२ | २३ |
| २ | श्री रामजानकी नि.मा.वि.बाहुनी | १३ | ९ | २२ | १० | १० | २० | ८ | १२ | २० |
| ३ | श्री एकता प्रा.वि डाँगीहाट | १० | १० | २० | १२ | ९ | २१ | १२ | १० | २२ |
| | जम्मा विद्यार्थी | २४ | २९ | ६३ | ३६ | २९ | ६५ | ३३ | ३४ | ६५ |
| | औसत विद्यार्थी | ११.३३ | ९.६६ | २१ | १२ | ९.६ | २१.६६ | ११ | ११.३३ | २१.६६ |

स्रोत : फ्लास एक २०६६

तालिका १२ मा सबै भन्दा बढि विद्यार्थी संख्या महेन्द्र मा.वि डाँगीहाट र सबै भन्दा कम विद्यार्थी संख्या रामजानकी नि.मा.वि. बाहुनीमा छन् । तालिकामा कक्षा १ को औषत विद्यार्थी संख्या २१ जना ,कक्षा २ को विद्यार्थी संख्या २१.६६ र कक्षा ३ मा २१.६६ देखिन्छ । यसको आधारमा २०६६ सालमा छनौटमा परेका ३ विद्यालयका कक्षाकोठामा विद्यार्थी संख्या औषत २१.३३ जना देखिन्छ ।

तालिका १३ : कक्षा कोठामा विद्यार्थी संख्या ,२०६७

| क्र. सं. | विद्यालय | कक्षा १ | | | कक्षा २ | | | कक्षा ३ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १. | श्री महेन्द्र.मा.वि.डाँगीहाट | ९ | ९ | १८ | १२ | ९ | २१ | १२ | ८ | २० |
| २ | श्री रामजानकी नि.मा.वि.बाहुनी | १० | ९ | १९ | १० | ८ | १८ | १० | १० | २० |
| ३ | श्री एकता प्रा.वि डाँगीहाट | १० | ११ | २१ | १० | १० | २० | १० | ८ | १८ |
| | जम्मा विद्यार्थी | २९ | २९ | ५८ | ३२ | २७ | ५९ | ३२ | २६ | ५८ |
| | औसत विद्यार्थी | ९.६६ | ९.६६ | १९.३२ | १०.६६ | ९ | १९.६६ | १०.६६ | ८.६६ | १९.३३ |

स्रोत : फ्लास एक २०६७

तालिका १३ मा महेन्द्र मा.वि र एकता प्रा.विमा बराबर ५९ जना विद्यार्थी छन् । त्यस्तै रामजानकी नि.मा.वि मा ५७ जना छन् । तालिकामा कक्षा १ को औषत विद्यार्थी संख्या १९.३२ कक्षा २ मा १९.६६ र कक्षा ३

मा १९.३३ देखिन्छ। यसको अधारमा २०६७ सालमा छनौटमा परेका विद्यालयका कक्षाकोठामा औषत विद्यार्थी संख्या १९.३३ देखिन्छ।

तालिका १४ कक्षा कोठामा विद्यार्थी संख्या २०६८

| क्र. सं. | विद्यालय | कक्षा १ | | | कक्षा २ | | | कक्षा ३ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १. | श्री महेन्द्र.मा.वि. | १० | ९ | १९ | ९ | ९ | १८ | १२ | १० | २२ |
| २ | श्री रामजानकी नि.मा.वि. | ११ | १० | २१ | १० | ९ | १९ | १० | ८ | १८ |
| ३ | श्री एकता प्रा.वि | ९ | १० | १९ | १० | १० | २० | १० | १० | २० |
| | जम्मा विद्यार्थी | ३० | २९ | ५९ | २९ | २८ | ५७ | ३२ | २८ | ६० |
| | औसत विद्यार्थी | १० | ९.६६ | १९.६६ | ९.६६ | ९.३३ | १९ | १०.६६ | ९.३३ | २० |

स्रोत : फ्लास- एक २०६८

तालिका १४ मा कक्षा १ मा औसत विद्यार्थी संख्या १९.६६ जना, कक्षा २ मा १९ जना र कक्षा ३ मा २० देखिन्छ जसको आधारमा २०६८ सालमा ३ विद्यालयका कक्षाकोठामा विद्यार्थी संख्या औसतमा १९.५५ जना रहेका छन्। यसरी विद्यार्थीहरु कक्षाकोठामा औसतमा १९/२० हुनुलाई कम संख्या मानिन्छ। पाविके २०६५ ले उल्लेख गरे अनुसार पनि यो संख्या कम हो। सामान्यतया कक्षा कोठामा विद्यार्थी कम भएमा शिक्षकले सबैमा नजर पुऱ्याएर प्रभावकारी शिक्षण गर्छ भन्ने मान्यता राखिन्छ तर यहाँ त्यसको ठिक विपरीत भएको छ। विद्यार्थी संख्या कम भएता पनि सिकाइ उपलब्धि सन्तोषजनक पाइएको छैन यसर्थमा यी ३ विद्यालयहरुमा विद्यार्थी संख्या बढी भएका सिकाइ उपलब्धि कम हुन्छ भन्ने मान्यतासँग सहमत हुन सकिदैन।

## ४.३.२ शिक्षक र दक्षता

कुनै पनि कार्यलाई प्रभावकारी रुपमा संचालन गर्न जनशक्ति दक्ष र तालिम प्राप्त हुनुपर्दछ। शिक्षणकार्य पनि एउटा कला हो। शिक्षकले कुनै पनि विषयवस्तुलाई कलात्मक ढंगले प्रस्तुत गऱ्यो भने सिकारुले सिकाइ उपलब्धि हासिल गर्दछ। त्यस्तो कला शिक्षकले तालिमबाट प्राप्त गर्ने भएकोले तालिम प्राप्त शिक्षकले विद्यार्थीको रुची, इच्छा, चाहना, उमेर, योग्यता, मनोविज्ञान बुझेर शिक्षण गर्दछ। तसर्थ यहाँ नमुना छनौटमा परेका विद्यालयका तालिम प्राप्त र अप्राप्त शिक्षकहरुको विवरणलाई तालिकामा देखाइएको छ।

तालिका १५ : प्रा.वि.तहका शिक्षक र तालिम विवरण

| क.सं. | विद्यालयहरु | संख्या | | | प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|
| | | तालिम प्राप्त | तालिम अप्राप्त | जम्मा | प्राप्त | अप्राप्त | जम्मा |
| १ | श्री महेन्द्र.मा.वि.डाँगीहाट | ४ | १ | ५ | ८० | २० | १०० |
| २ | श्री रामजानकी नि.मा.वि.बाहुनी | ५ | - | ५ | १०० | - | १०० |
| ३ | श्री एकता प्रा.वि डागीहाट | ५ | - | ५ | १०० | - | १०० |
| | जम्मा | १४ | १ | १५ | ९३.३३ | ६.६६ | १०० |

स्रोत : फ्लास-एक २०६९

माथिको तालिकामा नमुना छनौटमा परेका विद्यालयका १७ जना शिक्षकहरु मध्ये १४ जना वा ९३.३३ प्रतिशत तालिम प्राप्त १ जना वा ६.६६ प्रतिशत तालिम अप्राप्त देखिन्छ। यी विद्यालयहरुमा कार्यरत शिक्षकहरु मध्ये स्थायी र अस्थायी दरवन्दीमा कार्यरत शिक्षकहरुले तालिम लिएको र अस्थायी करारले तालिम प्राप्त गर्ने अवसर नभएको पाइयो। यहाँ सवै स्थायी र अस्थायी दरबन्दीमा कार्यरत शिक्षकहरुले तालिम लिएको भएता पनि कक्षागत र विषयगत उपलब्धि स्तर औसत ५० देखि ५५ मात्र हुनुले लिएको तालिमलाई व्यवहारमा प्रयोग नगरेको निष्कर्ष निकाल्न सकिन्छ।

### ४.३.३ शिक्षक विद्यार्थी अनुपात

एकजना शिक्षकले एउटा कक्षा कोठामा कति जना विद्यार्थीहरुलाई राखेर अध्यपन गराउँदा सिकाइमा सरलता, दिगो र स्थायी हुन्छ सोही अनुकुलित संख्या कक्षा राख्नु पर्दछ। प्राथमिक तहमा विद्यार्थी अनुपात १:३० हुनुपर्दछ। सो अनुपातमा शिक्षक विद्यार्थी अनुपातलाई तलको तालिकामा देखाइएको छ।

तालिका १६ : शिक्षक विद्यार्थी अनुपात ,२०६८

| विवरण | शिक्षक संख्या | विद्यार्थी संख्या | अनुपात | कैफियत |
|---|---|---|---|---|
| नमुना विद्यालय | १५ | १७६ | १:१२ | |

स्रोत : फ्लास- एक २०६९

माथिको तालिकामा नमुना छनौटमा परेका विद्यालयहरुमा १७६ जना विद्यार्थीहरु रहेका छन् भने शिक्षकहरुको संख्या १५ रहेको छ। यस हिसावले शिक्षकविद्यार्थी अनुपात १:१२ हुन आउँछ। शिक्षक विद्यार्थी अनुपात १:१२ हुनु भनेको विद्यार्थी संख्या अत्यन्तै न्यून हुनु हो। यसको मुख्य कारण अभिभावकहरुले

आफ्ना छोराछोरीहरुलाई कम्तिमा प्राथमिक तहसम्म निजी वोर्डिङ्ग स्कुलमा पढाउन चाहना गर्नुले हो । यी विद्यालयहरुले प्रत्येक शैक्षिक सत्र शुरु गर्नु भन्दा अगाडि विद्यार्थी भर्ना अभियान सञ्चालन गरेर विद्यार्थीलाई आकर्षण गर्न खोजे पनि सफलता मिलेको छैन । १:१२ को शिक्षक विद्यार्थी अनुपातको हिसावले नमुना छनौटमा परेका विद्यार्थीहरुको सिकाइ उपलब्धि स्तर राम्रो  हुनु पर्नेमा त्यो देखिएको छैन यसर्थमा शिक्षक विद्यार्थी अनुपातले सिकाइ उपलब्धिमा प्रभाव पारेको देखिदैन ।

### ४.३.४ विद्यालय अभिभावक सम्बन्ध

अभिभावक भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको मुख्य मान्छे भनी अभिलेखमा जनिएको व्यक्ति हो । त्यसकारण विद्यालय र अभिभावक विचको सम्बन्ध एकआपसमा नजिक हुनुपर्दछ । विद्यार्थीहरु विद्यालयका स्रोतहरु हुन । अभिभावकहरुले आफ्ना छोराछोरीहरुलाई विभिन्न ज्ञान, सीप तथा धारणाको विकास गर्न विद्यालयमा पठाएका हुन्छन् । विद्यालयले विद्यार्थीको प्रगति र उन्नतिको विवरण समय समयमा उपलब्ध गराइ रहनु पर्दछ साथै अभिभावकहरुले पनि आफ्ना छोराछोरीहरुको उन्नति र प्रगतिको विवरण वेलावेलामा गइ जानकारी लिइरहनु पर्दछ । यदि यसो भएको खण्डमा विद्यालय र अभिभावकको सम्बन्ध पनि नजिक रहन्छ । यसै सन्दर्भमा नमुना छनौटमा परेका विद्यालयका विद्यार्थीका ६ जना अभिभावहरुलाई विद्यालयले तँपाइको छोराछोरीको प्रगति विवरण जानकारी गराउँछ कि गराउँदैन भनी गरिएको कुराकानीमा निम्नानुसारको प्रतिक्रिया पाइयो ।

तालिका १७ : प्रगतिविवरणको सूचना सम्प्रेषण सम्बन्धि जानकारी

| प्रतिक्रिया | संख्या (अभिभावक) | प्रतिशत |
|---|---|---|
| गराउँछ | १ | १६.६६ |
| गराउँदैन | २ | ३३.३३ |
| कहिलेकाँही | ३ | ५० |
| जम्मा | ६ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६८

माथिको तालिकामा विद्यालयको विद्यार्थीको प्रगति विवरणको सूचना सम्प्रेषण गर्ने सम्बन्धमा गराउछ भन्ने प्रतिक्रिया दिने अभिभावक १ जना वा १६.६६ प्रतिशत रहेको छ । यसै गरी गराउँदैन भन्ने प्रतिक्रिया दिने अभिभावकहरु २ जना वा ३३.३३ प्रतिशत रहेका छन् भने कहिलेकाही मात्र भन्ने अभिभावकहरु ३ जना वा ५० प्रतिशत रहेका छन् । यसले विद्यालय र अभिभावक बीचको प्रगतिको सूचना सम्पप्रेषण कम हुने गरेको देखाएको छ ।

त्यसैगरी शिक्षकले विद्यार्थीको गृहकार्य अनुशासन, नैतिकता, मानवीय व्यवहार, सम्वन्धी जानकारी लिन्छन् की लिदैनन् भन्ने अन्तर्वार्तामा निम्न प्रतिक्रिया पाइयो ।

तालिका १८ : सामाजिक व्यवहार सम्वन्धि विवरण

| प्रतिक्रिया | अभिभावक | प्रतिशत |
|---|---|---|
| लिन्छन् | १ | १६.६६ |
| लिदैनन् | १ | १६.६६ |
| कहिलेकाही | ४ | ६६.६६ |

स्रोत : स्थलगत अध्ययन, २०६९

माथिको तालिकामा विद्यालयले विद्यार्थीको सामाजिक व्यवहार सम्वन्धि विवरण लिने कुराका सन्दर्भमा अन्तरवार्ता लिदा लिन्छन् भन्ने प्रतिक्रिया दिने १ जना वा १६.६६ प्रतिशत अभिभावक भेटियो । यसै गरी लिदैनन् भन्ने प्रतिक्रिया दिने अभिभावक १ जना वा १६.६६ प्रतिशत भेटियो भने कहिलेकाही भन्ने प्रतिक्रिया दिने अभिभावक ४ जना वा ६६.६६ प्रतिशत भेटियो । यसबाट विद्यालयले अभिभावकसँग त्यति सम्पर्क गरेको पाइदैन त्यसकारण कम सम्पर्कले सम्बन्ध पनि राम्रो हुदैन र सिकाइ उपलब्धिमा समस्या ल्याउँदछ ।

### ४.३.५ उदारकक्षोन्नति अनुगमनको स्थिती

कार्यान्वयनको क्रममा रहेको जुनसुकै पनि कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि बढाउन यसको समय समयमा निरीक्षण गरिहनु पर्दछ त्यो नै अनुगमन हो । अनुगमनले कार्यान्वयनको क्रममा रहेको कार्यक्रमको प्रगति कमजोरी, वाधा व्यवधान तथा अड्चन आदिलाई हटाउन मार्गदर्शन गर्दछ । त्यसकारण शैक्षिक क्षेत्रको मूल्याङ्कनको फाँटमा कार्यान्वयन भैरहेको उदारकक्षोन्नतिमा देखिएका समस्याहरुको यथेष्ट मात्रमा अनुगमन भएको खण्डमा त्यसले सिकाइ उपलब्धिमा प्रभाव पार्दछ ।

नमुना छनौटमा परेका विद्यालयका प्र.अ. र शिक्षकहरुसँग अनुगमनका वारेमा कुराकानी गर्दा स्रोतव्यक्ति र वि.नी. विद्यालय अनुगमनमा आउने गरेको भएता पनि उदारकक्षोन्नतिलाई त्यति जोड नदिएको प्रतिक्रिया पाइयो । निरन्तर मूल्याङ्कन शिक्षक निर्देशिका २०५६ मा १० प्रतिशत कार्यसंचयिकाको अनुगमन गर्नुपर्ने भन्ने कुरा उल्लेख भएता पनि अहिले सम्म त्यस्तो नभएको बताए । उदारकक्षोन्नति कार्यान्वयनमा अलमल्ल परिरहेका शिक्षकहरुलाई अनुगमनमा आएका वि.नी. र स्रोतव्यक्तिले उचित सल्लाह र परामर्श नदिएको गुनासो उनीहरुले पोखे । यसरी उदारकक्षोन्नतिको नीति अन्धधुन्ध प्रयोग भैरहेकोले सिकाइ उपलब्धि स्तर पनि कमजोर रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.३.६ उदारकक्षोन्नति र शिक्षकका समस्याहरु

निरन्तर मूल्याङ्कन प्रणालीको रुपमा आएको उदारकक्षोन्नतिको प्रमुख औजार कार्यसंचयिका हो । जसमा विद्यार्थीको विषयगत उपलब्धि, सामाजिक, आर्थिक, पारिवारिक विवरण, गृहकार्य, सृजनात्मक कार्य, व्यवहार परिवर्तन, अभिभावकबाट लिएका सुझाव, विद्यार्थी हाजिरी आदि कुराहरु समेटिएका हुन्छन् । कार्यसंचयिका दक्ष र तालिम प्राप्त शिक्षकले मात्र भर्न, तयार गर्न र प्रयोग गर्न सक्छ जसमा साह्रै कठिनाइ महसुस भएको प्रतिक्रिया शिक्षकहरुले दिए । शिक्षकहरुले उदारकक्षोन्नतिको नीति अनुरुप परीक्षा दिनु नपर्ने हुँदा विद्यार्थीहरुले पढाइ लेखाइमा लापरवाही गरेकोले कमजोर भएको, अभिभावकहरु उदारकक्षोन्नति प्रति सकारात्मक नभएकोले उनीहरुलाई सम्झाउन बुझाउन गाह्रो भएको बताए । यसै गरी उदारकक्षोन्नतिको सम्बन्धमा प्र.अ.हरुले यो नीति आफैमा राम्रो भएता पनि कार्यान्वयन गर्न गाह्रो, लगातार मूल्याङ्कन गरिरहँदा शिक्षकलाई बोझ हुने, तल्लो कक्षामा सिक्न बाँकी रहेका कुराहरु माथिल्लो कक्षामा सिकाउन झन्झटिलो हुने र कार्यसंचयिकाको निर्माण र प्रयोगमा समस्या रहेको प्रतिक्रिया दिए ।

मास्लो (१९४३) का अनुसार जसरी कामदारलाई राम्रो र प्रभावकारी काम गर्नको लागि बारम्बार उत्प्रेरणा दिइरहनुपर्दछ  त्यसरी नै शिक्षकहरुलाई पनि बारम्वार तालिम, परामर्श, निर्देशन र मार्गदर्शन गर्दै प्रेरित गरिरहनु पर्दछ । एउटा स्तरको तालिम सकिए पछि पुनः अर्को स्तरको तालिम आवश्यकतानुसार दिइरहनु पर्दछ । यसरी शिक्षकले आवश्यकतानुसार स्तर-स्तरको तालिमहरु प्राप्त गर्दै जाँदा उसले त्यस तालिमलाई कक्षाकोठामा पनि प्रयोग गरिरहनु पर्दछ । भट्ट (२०६५)ले उदारकक्षोन्नतिको व्यवस्था सम्बन्धमा अभिभावकहरु अनविज्ञ रहेको, शिक्षकहरु यसप्रति पूर्णरुपमा जानकार नभएको उनीहरुलाई तालिमको अभाव भएको, केही तालिम प्राप्त गरेता पनि त्यसलाई व्यवहारमा प्रयोग नगरेकोले यसको कार्यन्वयनमा समस्या देखिएको बताउदै यसलाई हटाउन शिक्षकहरुलाई तालिम दिनुपर्ने अभिभावकहरुमा चेतना जगाउनुपर्ने र यी समस्याहरु समाधानका लागि सम्बन्धित निकायबाट पहल गर्नुपर्ने कुरा औल्याएका छन् यसर्थ शिक्षकले तालिमलाई शिक्षण सिकाइमा प्रयोग गरिरहेको छ कि छैन नियमित रुपमा अनुगमन गरिरहनु पर्दछ ।

## ४.४ सिकाइ उपलब्धिमा देखिएका समस्या समाधानका उपायहरु

निरन्तर मूल्याङ्कन अन्तर्गत पर्ने उदारकक्षोन्नति कार्यान्वयन गर्न धेरै समस्याहरु रहेको कुरा अध्ययनले देखाएको छ । उदारकक्षोन्नति नीति आफैमा राम्रो भएता पनि कार्यान्वयनको क्रममा जटिलताहरु उत्पन्न भएका छन् । यसर्थ देखिएका समस्याहरुलाई निराकरणको लागि प्र.अ., शिक्षक, अभिभावक, स्रोत व्यक्ति वि.नी.ले दिएका सुझावहरु निम्नानुसार छन् ।

### ४.४.१ प्र.अ.बाट प्राप्त सुझावहरु

उदारकक्षोन्नतिको उपादेयतालाई मुख्य केन्द्र बनाएर गरिएको यस अध्ययनमा नमुनामा परेका ३ विद्यालयका प्र.अ.हरुले तालिम अप्राप्त शिक्षकलाई तालिम दिनुपर्ने, तालिम प्राप्त शिक्षकलाई पुनर्ताजकी तालिमको व्यवस्था गर्नु पर्ने, उदारकक्षोन्नति कार्यान्वयनको अवस्थालाई स्रोत व्यक्ति, वि.नी. र जि.शि.का.ले नियमित रुपमा अनुगमन तथा सुपरीवेक्षण गर्नु पर्ने, केही कमीकमजोरीहरु भेटिए सुधार गर्न घचघचाइ रहनु पर्ने साथै

उदारकक्षोन्नतिको सम्बन्धमा अभिभावकहरुलाई नै चेतना जगाउनु पर्ने सुझावहरु दिए । यदि यसो भएको खण्डमा उदारकक्षोन्नति कार्यान्वयनमा देखिएका समस्याहरुलाई सुल्झाउन

सकिन्छ । शिक्षक,अभिभावक विद्यार्थी सबैले फेल भईदैन भन्ने भावना त्याग्नु पर्ने र विद्यार्थीहरुको प्रगती अंकमा नदेखिने हुदा सरोकारवालाहरुले शिक्षकहरुलाई जवाफदेहि बनाउनु पर्ने जि.शि.का ,स्रोतकेन्द्रबाट कक्षोन्नति नीतिलाई सहजीकरण गरिनु पर्ने ,विद्यालयको भौतिक एवं व्यवस्थापकीय पक्षलाई सरकार सरोकारवालाहरुले मजवुत बनाउनु पर्ने ।

### ४.४.२ शिक्षकबाट प्राप्त सुझावहरु

उदारकक्षोन्नति नीतिलाई कार्यान्वयन गर्ने मुख्य व्यक्ति नै शिक्षक हो । शिक्षकले उदारकक्षोन्नति नीतिलाई सहज ढंगले कार्यान्वयन गर्न नसकेकोले नै अपेक्षा गरे अनुसार सिकाइ उपलब्धि नभएको कुरा अध्ययनबाट देखिएको छ । नमुना छनौटमा परेका विद्यालयका शिक्षकहरुले दिएका सुझावहरु प्र.अ.हरुले दिएको सुझावसँग मिल्दोजुल्दो देखियो जसमा तालिम अप्राप्त शिक्षकलाई तालिम दिइनु पर्ने तालिम प्राप्त शिक्षकलाई पुनर्ताजकी तालिमको व्यवस्था गर्नुपर्ने, उदारकक्षोन्नति कार्यान्वयनको अवस्थाको नियमित रुपमा अनुगमन, सुपरिवेक्षण गरिरहनु पर्ने साथै प्रयोगात्मक शिक्षणका लागि स्थानीय सामाग्रीहरुद्वारा निर्मित शैक्षिक सामाग्री प्रयोग गर्नु पर्ने विद्यार्थीहरुको पढाइ र लेखाइ सीपको क्षमतालाई वृद्धि गर्नु पर्ने, निरन्तर मूल्याङ्कन अन्तर्गतको उदारकक्षोन्नति र यसका फाइदाहरुको विषयमा अभिभावकहरुसँग अर्न्तक्रिया गर्नु पर्ने, अक्षर मापन र अंक मापनको विचको सम्बन्धलाई केलाएर अभिभावकहरुलाई सचेत बनाउनु पर्ने रहेका छन् ।

### ४.४.३ स्रोत व्यक्ति र वि.नि.बाट प्राप्त सुझावहरु

निरन्तर मूल्याङ्कनद्वारा उदारकक्षोन्नति नीति कार्यान्वयन गर्दा विविध समस्याहरु देखिएको कुरालाई स्वीकार गर्दै स्रोतव्यक्ति र वि.नि.बाट ती समस्याहरुलाई हल गर्न प्र.अ.ले उदारकक्षोन्नति कार्यन्वयनको नियमित रुपमा अनुगमन गर्नु पर्ने, शिक्षकहरुको शिक्षण घण्टी कम गर्नु पर्ने, स्थानीय स्तरमा निर्मित शैक्षिक सामाग्रीको अत्याधिक प्रयोगमा जोड दिनु पर्ने, उदारकक्षोन्नतिको सम्बन्धमा अभिभावकहरुलाई ज्ञान दिनु पर्ने, परीक्षा बाहेकका मूल्याङ्कनका साधनहरु र निरन्तर मूल्याङ्कनको अवधारणा शिक्षकलाई शैक्षिक सत्र शुरु हुदै दिनु पर्ने जस्ता उपायहरु अवलम्बन गरिएको खण्डमा सिकाइ उपलब्धि वृद्धि हुने सुझाव दिए ।

### ४.४.४ अभिभावकबाट प्राप्त सुझावहरु

निरन्तर मूल्याङ्कनको माध्यमद्वारा उदारकक्षोन्नति गराउने नीतिको प्रमुख उद्देश्य विद्यार्थीको व्यक्तिगत सिकाइ उपलब्धिको आधारमा आवश्यकतानुसार निरन्तर सिकाइ अवसर प्रदान गरी विद्यार्थीहरुको सिकाइ स्तरमा सुधार गर्नु हो । नमुना छनौट परेका विद्यालयका अधिकांश अभिभावकहरु उदारकक्षोन्नति प्रति अनविज्ञ रहेको पाइयो । केही बुझेका अभिभावकहरुले शिक्षकलाई समयमा नै उदारकक्षोन्नतिको विषयमा तालिम दिनु पर्ने, विद्यार्थीको कार्यसंचयिका निर्माण गरी प्रत्येक महिना प्रगतिप्रतिवेदन अभिभावकलाई दिनु पर्ने, मूल्याङ्कनको नतिजा विश्लेषण गरी कुन कुन विषयमा र कुन कुन

कक्षामा औसत उपलब्धि कम वा बढी भयो सोको सम्बन्धमा विद्यालय व्यवस्थापन समिती र अभिभावकहरुलाई एकै ठाउँमा राखेर छलफल गराएमा उदारकक्षोन्नति कार्यन्वयनमा सहजता आई सिकाइ उपलब्धि प्रभावकारी हुन्छ भन्ने प्रतिक्रिया दिए ।

# परिच्छेद पाँच : प्राप्ती, निष्कर्ष र सुझाव

## ५.१ अध्ययनको प्राप्ती

शिक्षाको गुणस्तर वृद्धि गर्न मूल्याङ्कन प्रणालीले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । सरकारले प्राथमिक शिक्षामा गरेको लगानी अनुरुपको प्रतिफल पाउन नसक्नुको कारण मूल्याङ्कन प्रणालीलाई मानेको छ । कक्षा १-३ सम्म निरन्तर मूल्याङ्कनबाट उदारकक्षोन्नतिको निती २०६३ बाट नै लागु भइ सकेको छ । यसबाट शैक्षिक सत्र भरीको शिक्षण सिकाइ क्रियाकलापमा सरिक भइसकेका विद्यार्थीलाई प्रोत्साहन स्वरुप उनीहरुकै व्यवहार परिवर्तनलाई आधार मानी कक्षोन्नति गर्न सकिन्छ । विद्यालयमा अधिकतम उपस्थित भएका वा सिक्न कमजोरहरुलाई पुनः सिक्ने अवसर दिने गरी अभिभावकको सल्लाहसुझावमा कक्षा चढाउन सकिन्छ । निरन्तर मूल्याङ्कनबाट विद्यार्थीको उपलब्धिलाई लेखाजोखा गर्ने र उदारकक्षोन्नति गरी सिकाइ उपलब्धि वृद्धि गर्ने, कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने जस्ता शैक्षिक क्षतिहरुलाई कम गर्ने उद्देश्यले उदारकक्षोन्नति नीति आएको हो ।

शैक्षिक कार्यक्रमको महत्वपूर्ण लगानी विद्यार्थी हो । विद्यार्थीहरुले उमेर र स्तर अनुसारका आवश्यक ज्ञान, सीप र धारणा के कति सिके वा सिकेनन् भनेर विद्यार्थीको मूल्याङ्कन गरिन्छ । यसरी मूल्याङ्कनबाट विद्यार्थीले सिकेका र सिक्न नसकेका कुरा जानकारी हुन्छ । विद्यार्थीहरुले सिकेका कुरामा प्रोत्साहन थप हौसला दिदै अगाडि बढ्न सहयोग गर्ने र सिक्न नसकेको कुराहरुमा कारण बुझेर पृष्ठपोषण दिदै सिकाउनु पर्ने हुन्छ तसर्थ प्रभावकारी शिक्षण सिकाइका लागि सुक्ष्म तरिकाबाट विद्यार्थीहरुको सर्वाङ्गीण पक्षको मूल्याङ्कन गरिनु पर्दछ भन्ने अवधारणाका साथमा उदारकक्षोन्नति नीति कार्यान्वयनको प्रकृयामा छ । यसै सन्दर्भमा प्राथमिक तहमा उदारकक्षोन्नतिको उपादेयता भन्ने शिर्षकमा अध्ययन गरी यस शोधले निम्न प्राप्तिहरु संकलन गरेको छ ।

यस अध्ययनमा तोकेको मापदण्ड प्रयोगको अवस्थामा ६ जना शिक्षकहरु मध्ये कक्षाकार्य/कक्षा सहभागितालाई प्रयोग गर्ने ४ जना (६६.६६ प्रतिशत), नगर्ने २ जना (३३.३३ प्रतिशत), परियोजना कार्य गर्ने ३ जना (५० प्रतिशत), नगर्ने ३ जना (५० प्रतिशत), व्यवहार परिवर्तन अवलोकन गरी मूल्याङ्कन गर्ने ४ जना (६६.६६ प्रतिशत) नगर्ने, २ जना (३३.३३ प्रतिशत), सिर्जनात्मक कार्यलाई प्रयोग गर्ने २ जना (३३.३३ प्रतिशत), नगर्ने ४ जना (६६.६६प्रतिशत) र हाजिरीलाई प्रयोग गर्ने ५ जना (८३.३३ प्रतिशत ) नगर्ने १ जना ( १६.६६प्रतिशत) भेटियो । कार्यसंचयिका समेट्नु पर्ने विभिन्न पक्षहरुमा विषयगत उपलब्धिलाई सबै शिक्षकहरुले, कक्षाकार्य र अतिरिक्त क्रियाकलापलाई समेट्ने शिक्षकको संख्या ३/३ जना (७५ प्रतिशत ) र नसमेट्नेको संख्या १/१ जना (२५ प्रतिशत), परियोजनाकार्य/कक्षा सहभागिता, सृजनात्मककार्य र व्यवहार परिवर्तनलाई समेट्ने शिक्षक २/२ जना (५०/५० प्रतिशत) विद्यार्थीको सामाजिक, आर्थिक पारिवारीक विवरण तथा अभिभावकबाट लिएका सुझावलाई समेट्ने शिक्षक १/१ जना (२५ प्रतिशत), विद्यार्थीको सामाजिक, आर्थिक, पारिवारीक विवरण तथा अभिभावकबाट लिएका सुझावलाई समेट्ने शिक्षक १/१ जना (२५ प्रतिशत) नसमेट्ने ३/३ जना (७५ प्रतिशत) भेटियो ।

उदारकक्षोन्नति गर्न कार्यसंचयिकालाई ६ जना शिक्षकहरु मध्ये ४ जना (६६.६६ प्रतिशत) ले प्रयोग गरेको र २ जना (३३.३३ प्रतिशत) ले प्रयोग नगरेको भेटियो भने प्रयोग गर्ने शिक्षकले पनि तोकेको ढाँचामा कार्यसंचयिका निर्माण नगरेको भेटियो ।

विद्यार्थीहरुको सिकाइ उपलब्धि स्तर वृद्धि गर्न अवलम्बन गरिएका उपायहरुमा अभिभावकलाई ट्युसनको व्यवस्था गर्न लगाउने शिक्षकको संख्या ५ जना (८३.३३ प्रतिशत) र नलगाउनेको संख्या १ जना (१६.६६ प्रतिशत), छुट्टै समयमा कमजोर विद्यार्थीलाई वढी अवसर दिएर सिकाइस्तर बृद्धि गर्ने शिक्षकहरुको संख्या शुन्य, बालबालिकालाई आफूले सिकेका कुरा अरुलाई सिकाउन प्रेरीत गर्ने शिक्षकको संख्या ५ जना (८८.३३ प्रतिशत) र नगर्नेको संख्या १ जना (१६.६६ प्रतिशत), शिक्षण विधि परिवर्तन गर्ने शिक्षकको संख्या ४ जना (६६.६६ प्रतिशत) र नगर्नेको संख्या २ जना (३३.३३ प्रतिशत) भेटियो ।

शिक्षकहरुले उदारकक्षोन्नति गर्दा कक्षा उकास्ने मापदण्डहरुमा ६ जना शिक्षकहरु मध्ये ५ जनाले (८३.६६ प्रतिशत) विद्यार्थीको उमेरलाई हेरेर कक्षा उकास्ने गरेको १ जनाले

(१६.३३ प्रतिशत) उमेरलाई ख्याल  नगरेको, ७० प्रतिशत हाजीर भएको हुनुपर्ने  मापदण्डलाई २ जनाले (३३.३३ प्रतिशत) प्रयोग गरेको ४ जनाले (६६.६६) प्रतिशतले प्रयोग नगरेको, पहिलो त्रैमासिकमा विशिष्ट क्षमता देखाउने विद्यार्थीलाई कक्षा उकास्न सकिने मापदण्डलाई कसैले पनि प्रयोग नगरेको, दोस्रो र तेस्रो त्रैमासिकमा कक्षा उकास्न नहुने मापदण्डलाई सवैले प्रयोग गरेको र ज्यादै कम उपलब्धि स्तर भएका विद्यार्थीलाई अभिभावकको परामर्शमा कक्षा दोहोऱ्याउन सकिने मापदण्डको प्रयोग नभएको अवस्था भेटियो ।

अध्ययन क्षेत्रका नमुना छनौटमा परेका ३ विद्यालयहरुमा २०६६ सालमा १९३ जना जसमा १०१ छात्रा र ९२ जना छात्र, २०६७ सालमा १७५ जना जसमा ८५ छात्रा र ९० छात्र र २०६८ सालमा १७६ जना जसमा ८५ छात्रा र ९१ छात्रा भर्ना भएकोमा २०६६ सालमा १/१ छात्र छात्रा गरी २ जनाले (१.०३ प्रतिशत), २०६७ सालमा २ छात्रा, १ छात्र गरी ३ जनाले (१.७१ प्रतिशत) र २०६८ सालमा १ छात्र २ छात्रा गरी ३ जनाले (१.७० प्रतिशत ) उही कक्षा दोहोऱ्याएको भेटियो ।

त्यसै गरी २०६६ सालमा भर्ना भएका कूल १९३ जना विद्यार्थीहरु मध्ये ७ जना छात्रा र ५ जना छात्र गरी १२ जनाले (६.२१ प्रतिशत), २०६६ साल भर्ना भएका कूल १७५ जना विद्यार्थीहरु मध्ये ७ जना छात्रा र ६ जना छात्र गरी १३ जनाले (७.४२ प्रतिशत ) र २०६८ सालमा कूल १७६ जना विद्यार्थीहरु मध्ये ५ छात्रा र ६ छात्र गरी ११ जनाले (६.२५ प्रतिशत ) कक्षा छाडेको पाइयो ।

नमुनामा परेका ३ विद्यालयहरुको ३ वर्षको विद्यार्थी उतिर्ण दर २०६६, २०६७ र २०६८ सालमा परीक्षामा सम्मिलित सबै विद्यार्थीहरु उर्तिण भएको देखिन्छ यसले उदारकक्षोन्नतिमा विद्यार्थी फेल पार्न नपाइने मानसिकता शिक्षकहरु रहेको भेटियो ।

विगत ३ वर्षको कक्षागत र विषयगत सिकाइ उपलब्धि २०६६ सालमा सवै विषयको औषत अङ्क कक्षा १,२ र ३ को क्रमशः ५४.४६, ५३.०९ र ५१.०० रहेको भेटियो । २०६७ सालमा कक्षा १, २ र ३ को

क्रमशः ५३.५६, ५२.२८र ५२.२९ औषत अङ्क र २०६८ सालमा कक्षा १,२ र ३ को क्रमश ५२.०५, ५२.२९ र ५२.८७ औसत अङ्क पाइयो ।

नमुना छनौटमा परेका विद्यालयहरुको कक्षाकोठामा विद्यार्थी संख्यालाई हेर्दा २०६६ सालमा कक्षा १, २ र ३ मा क्रमशः औसत २१, २१.६६ र २१.६६ भेटियो । यसै गरी २०६७ सालमा कक्षा १,२ र ३ मा क्रमशः औसत १९.३२, १९.६६ र २०६८ सालमा कक्षा १, २ र ३ मा क्रमशः औसत १९.६६, १९ र २० रहेको पाइयो ।

नमुना छनौटमा परेका विद्यालयका शिक्षकहरुको उदारकक्षोन्नति सम्बन्धि तालिमलाई हेर्दा १५ जना शिक्षकहरु मध्ये १४ जनाले (९३.३३ प्रतिशत) तालिम लिएको र १ जनाले (६.६६ प्रतिशत) तालिम नलिएको पाइयो । यसै गरी शिक्षक विद्यार्थी अनुपात २०६८ सालको १.१२ पाइयो ।

नमुना छनौटमा परेका विद्यालयका अभिभावकहरुलाई विद्यालयले बालबालिकाको प्रगति विवरणको सूचना गराएकोमा १ जनाले (१६.६६ प्रतिशत), नगराएकोमा २ जनाले (३३.३३ प्रतिशत) र कहिलेकाही मा ३ जनाले (५० प्रतिशत ) प्रतिक्रिया दिएको पाइयो ।

उदारकक्षोन्नतिको अनुगमनका सन्दर्भमा वि.नी. र स्रोतव्यक्तिहरु विद्यालयमा वेलावखत आउने गरेको भएता पनि उचित सल्लाह र परामर्श नदिएको पाइयो भने शिक्षकका समस्याहरुमा कार्यसंचयिका फायल बनाउन झन्झटिलो हुने लगातार मूल्याङ्कन गरिरहदा झन्झटिलो हुने, उदारकक्षोन्नति प्रति अभिभावकहरु सकारात्मक नभएको पाइयो।

सिकाइ उपलब्धिमा देखिएका समस्याहरु समाधानका उपायहरुका सम्बन्धमा प्र.अ. हरुले तालिम अप्राप्त शिक्षकलाई तालिम दिनु पर्ने, तालिम प्राप्तलाई पुनर्ताजकी तालिम दिनु पर्ने, वि.नी. र स्रोतव्यक्तिले नियमित रुपमा अनुगमन गर्नु पर्ने, अभिभावकहरुलाई पनि चेतना जगाउनु पर्ने सुझाव दिए भने शिक्षकले पनि प्र.अ. ले दिएको सुझाव जस्तै प्रतिक्रिया दिएको पाइयो । यसै गरी वि.नी. र स्रोत व्यक्तिले प्र.अ. हरु बढी सकृय भएर लाग्नु पर्ने, शिक्षकहरुको शिक्षण घण्टी कम गर्नु पर्ने, निरन्तर मूल्याङ्कन अन्तर्गत उदारकक्षोन्नतिको अवधारणा शिक्षकहरुलाई शैक्षिक सत्र शुरु हुनु अगावै दिनु पर्ने सुझाव दिएको पाइयो भने अभिावकहरुले समयमा नै शिक्षकहरुलाई उदारकक्षोन्नति सम्बन्धि तालिम दिनु पर्ने सुझाव दिएको पाइयो ।

## ५.२ अध्ययनको निष्कर्ष

प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रणाली लागू गरी त्यसको माध्यमबाट सिकाइ उपलब्धि बढाउने, कक्षा छाड्नेदर र दोहोऱ्याउने दर घटाउनुका साथै उदारकक्षोन्नति गरी विद्यार्थी उतीर्णदर बढाउने लक्ष्यअनुरुप यो नीति आएको छ । यस शोधले प्राथमिक तहमा उदारकक्षोन्नतिको उपादेयता अध्ययन गरी निम्न निष्कर्षहरु निकालेको छ ।

उदारकक्षोन्नतिका लागि पाठ्यक्रमले तोकेको मापदण्ड सबै शिक्षकले व्यवहारिक प्रयोग गर्ने सीपको अभाव र यससँग सम्बन्धित तालिम प्रयाप्त नभएकोले प्रयोगमा ल्याउन नसकेको देखिन्छ । ६६.६६ प्रतिशत शिक्षकले कार्यसंचयिका फायल बनाएता पनि पाठ्यक्रमले तोकेको ढाँचामा बनाइएको पाइएन यसले मूल्याङ्कन गर्ने पद्धति कमजोर रहेको विश्लेषण गर्न सकिन्छ ।

सिकाइ उपलब्धि बृद्धि गर्न प्रयोग गरिएका सुधारका उपायहरु सबै शिक्षकहरुले प्रयोग गरेको देखिदैन । छुट्टै समयमा कमजोर विद्यार्थीहरुलाई बढी अवसर दिने शिक्षकको संख्या शुन्य हुनुले यो कुरा पुष्टि गर्दछ । तर अभिभावकलाई सिकाइ वातावरण राम्रो बनाउन सुझाव दिने शिक्षकको संख्या ६ जना (१०० प्रतिशत) हुनुले उदारकक्षोन्नतिलाई सहयोग मिन्दछ भने शिक्षण विधि परिवर्तन गरेर सिकाइमा सुधार ल्याउने शिक्षकको संख्या ४ जना (६६.६६ प्रतिशत) हुनुले यसमा सुधार गर्नु पर्ने देखिन्छ ।

उदारकक्षोन्नतिको मापदण्ड प्रयोग स्थितिमा विद्यालय खुलेको ७० प्रतिशत हाजिरी हुनु पर्ने मापदण्डलाई २ जनाले (३३.३३) प्रतिशत) मात्र प्रयोग गरेको पहिलो त्रैमासिकमा विशिष्ट क्षमता देखाउने विद्यार्थीलाई कक्षा उकास्न सकिनेलाई प्रयोग गर्ने शिक्षक शुन्य हुनु र यसको प्रयोग नेपालमा नै भएको छैन होला भन्ने प्रतिकृयाले यस प्रति शिक्षकहरु स्वयम् अनविज्ञ भएको पुष्टी गर्न सकिन्छ ।

उदारकक्षोन्नतिको यो कार्यान्वयन अवस्थालाई हेर्दा उदारकक्षोन्नति सरकारको नीतिमात्र भएकोले विद्यार्थीलाई फेल नपारीकन खुरुखुरु कक्षा चढाउदै जानुपर्दछ भन्ने धारणा शिक्षकहरुमा रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

नमुना छनोटमा परेका विद्यालयहरुको ३ वर्षको कक्षा दोहोऱ्याउने संख्या २०६६, २०६७, र २०६८ सालमा क्रमशः २ जना (१.०३ प्रतिशत) ३ जना (१.७१ प्रतिशत र ३ जना (१.७० प्रतिशत) देखिएको छ । साथै कक्षा छाड्ने दर २०६६, ०६७ र ०६८ सालमा क्रमशः १२ जना (६.२१ प्रतिशत), १३ जना (७.४२ प्रतिशत)  र ११ जना (६.२५ प्रतिशत) रहेको छ । यसले कक्षा दोहोऱ्याउने र कक्षा छाड्ने विद्यार्थीहरुको संख्यामा उतारचढाव आएको देखाउछ भने परीक्षामा सम्मिलित विद्यार्थीहरु ३ वटै सालमा सतप्रतिशत पास हुनुले शिक्षकहरुमा विद्यार्थीहरु फेल पार्न नपाइने गलत धारणा रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

नमुना छनौटमा परेका विद्यालयहरुको ३ वटै सालको कक्षागत र विषयगत उपलब्धि हेर्दा २०६६, २०६७ र २०६८ सालको उपलब्धि घट्दो अवस्थामा छ । यसले उदारकक्षोन्नतिको कार्यन्वयन भएको देखिदैन । उदारकक्षोन्नति कार्यान्वयन गर्ने क्रममा प्र.अ. शिक्षक, स्रोतव्यक्ति वि.नी. लगायत अभिभावकहरुले विभिन्न समस्याहरु औल्याएका छन् जसमा शिक्षकहरु तालिम अप्राप्त हुन, तालिम प्राप्तहरुले तालिमलाई व्यवहारमा प्रयोग नगर्नु,सरोकारवाला संस्था र संस्थाका कर्मचारीहरुले नियमित रुपमा अनुगमन नगर्नु, उदारकक्षोन्नति प्रति अभिभावकहरु सकारात्मक नहुनु आदि पाइएकोले यस्ता समस्याहरु समाधान गर्न समयमा नै पहलकदमी शुरु गर्नु पर्ने देखिन्छ ।

## ५.३ अध्ययनका सुझावहरु

प्राथमिक तहमा उदारकक्षोन्नतिको उपादेयता सम्बन्धमा गरिएको यस अध्ययनले यसमा देखिएका विभिन्न समस्याहरुलाई समाधान गर्न निम्न सुझावहरु दिएको छ ।

पाठ्यक्रम निर्माण गरेर त्यसलाई शैक्षिक नीति र कार्यक्रमको रुपमा विद्यालयमा लैजानु भन्दा अगाडि त्यसको लागि प्रयाप्त पूर्वाधारको विकास गरेर मात्र त्यसलाई लागू गरिनु पर्दछ । उदारकक्षोन्नति नीति शिक्षाक्षेत्रमा राज्यको तर्फबाट ल्याइएको एउटा राम्रो कार्यक्रम हो । यसर्थ यसलाई व्यवहारिक रुपमा सहज ढंगले लागू गर्न उदारकक्षोन्नति कार्यान्वयनमा देखिएका विविध समस्याहरुलाई समाधान गर्नको लागि देशव्यापी रुपमा स्रोत व्यक्ति, वि.नी., प्र.अ. शिक्षक र अभिभावकहरुलाई तालिम, अभिमुखीकरण गोष्ठी संचालन गरिनु पर्दछ साथै तालिम प्राप्त शिक्षकहरुलाई निश्चित समय समयमा पुर्नताजकी तालिम दिनुपर्दछ । उदारकक्षोन्नति नीतिलाई अझ शशक्त बनाउन वि.नी., स्रोतव्यक्ति, प्र.अ. र शिक्षकहरुलाई राम्रो काम गरे वापत पुरस्कार र कमजोर काम गरे वापत सुधारको उपायहरु अवलम्वन गर्ने व्यवस्था गरिनु पर्दछ । स्रोतव्यक्ति र वि.नि.लाई विशुद्ध शैक्षणिक परामर्श र सहजकर्ताका रुपमा खटाउनु पर्दछ ।

विद्यालयको सर्वोच्च अङ्गको रुपमा रहेको विद्यलाय व्यवस्थापन समितिका पदाधिकारीहरु शिक्षासँग सम्बन्धित कुराहरुको सुझबुझ गर्न सक्ने क्षमतावान चुनिनु पर्दछ । यसले विद्यालयमा उपलब्ध साधनलाई अधिकतम उपयोग गरी शैक्षिक र भौतिक वातावरण चुस्त दुरुस्त राखि उदारकक्षोन्नति गर्न उपयूक्त वातावरण तयार गर्नु पर्दछ । यसो भएको खण्डमा विद्यालय व्यवस्थापन समिती मार्फत उदारकक्षोन्नति नितीलाई कार्यान्वयन गर्न सचेतना फैलाउन, अन्तरक्रियात्मक कार्यक्रम संचालन गर्न सजिलो पर्दछ साथै अभिभावकहरुलाई अक्षरमापन प्रणालीका फाइदाका सम्बन्धमा जानकारी गराउन सकेको खण्डमा उदारकक्षोन्नतिमा देखिएका समस्याहरुलाई हल गर्न मद्दत मिल्दछ ।

पाठ्क्रमका प्रवधानहरु कार्यन्वयनमा विद्यालय , शिक्षक,कक्षाकोठामा वास्तविक समस्या पहिचान गरि समधान गर्नका लागि शिक्षकलाई प्रोत्साहन गर्न थप अनुशन्धान गर्नु पर्ने देखिन्छ । पाठ्क्रमको कार्यन्वयन गर्ने तह विद्यालयलाई सकृय वनाउने खालका नीतिहरु अवलम्बन गरि प्र.अ. ,शिक्षक र सम्वद्ध पक्षहरुलाई जिम्मेवारी बोध गराई पेशाप्रति लगनशिल र कर्तव्यनिष्ठ बनाउनु पर्ने देखिन्छ ।

## सन्दर्भग्रन्थ


अधिकारी, विष्णुप्रसाद (२०६७), *माध्यमिक शिक्षण दिग्दर्शन,* काठमाडौ : आशिष बुक्स हाउस ।

कट्टेल, बालचन्द्र (२०६५), *पाठ्यक्रम अध्ययन,* काठमाडौ : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

कार्की, योगेन्द्रबहादुर (२०६६), *सामुदायिक प्राथमिक विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रयोग,* शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (अप्रकाशित शोधपत्र) सुकुना ब.क्याम्पस, मोरङ ।

कुँवर, तेजबहादुर (२०६५), *मूल्याङ्कन प्रणालीमा देखिएका कठिनाइहरू,* शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (अप्रकाशित शोधपत्र ) त्रिभुवन विश्व विद्यालय, क्याम्पस, किर्तिपुर, काठमाडौ ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०६६), *शैक्षिक व्यवस्थापन संगठनात्मक व्यवहार,* काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

कोइराला, लोकनाथ(२०६६), *निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीले सिकाइ उपलब्धीमा पारेको प्रभाव,* शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (अप्रकाशित शोधपत्र) सुकुना ब.क्याम्पस, मोरङ ।

खनाल, पेशल (२०६१), *शैक्षिक अनुसन्धान पद्धती,* काठमाडौः न्यू हिरा बुक्स इन्टरप्राइजेज।

खनाल, श्रीप्रसाद (२०६३),*कार्यक्रम मूल्याङ्कन,* काठमाडौः जुपिटर पब्लीसर्स एण्ड डिष्ट्रिव्युटर्स, ।

खनाल, श्रीप्रसाद (२०६४),*पाठ्यक्रम सिद्धान्त,* काठमाडौः जुपिटर पब्लीसर्स एण्ड डिष्ट्रिव्युटर्स।

खनाल, श्रीप्रसाद (२०६५),*कार्यक्रम मूल्याङ्कन,* काठमाडौः जुपिटर पब्लीसर्स एण्ड डिष्ट्रिव्युटर्स, ।

गुरागाँई, विष्णुप्रसाद (२०६७),*उदारकक्षोन्नतिले सिकाइ उपलब्धिमा पारेको प्रभाव,* शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (अप्रकाशित शोधपत्र) सुकुना ब.क्याम्पस, मोरङ ।

ज.व.रा. स्वयमप्रकाश, श्रेष्ठ, चन्द्रबहादुर र रन्जितकार किरणमान (२०६७), *शिक्षामा मापन तथा मूल्याङ्कन,* काठमाडौ : *विद्यार्थी पुस्तक भण्डार ।*

पाठ्यक्रम विकास केन्द्र (२०५९), *निरन्तर विद्यार्थी मूल्याङ्कन परिचय पुस्तिका,* भक्तपुर :लेखक

पाठ्यक्रम विकास केन्द्र (२०६२), *पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रवोधिकरण सामाग्री,* भक्तपुरःलेखक

फुयल, दामोदर (२०६५) *निरन्तर मूल्याङ्कन प्रणालीको प्रभावकारिता,* शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह .अप्रकाशित शोधपत्र), सुकुना ब.क्याम्पस, मोरङ ।

वि.क., रुपा (२०६८) *प्राथमिक तहमा उदारकक्षोन्नति नीति कार्यान्वयनको अवस्था तथा शैक्षिक उपलब्धि,* शिक्षाशास्त्र सङ्काय, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग, स्नातकोत्तर तह (अप्रकाशित शोधपत्र,) त्रिभुवन विश्व विद्यालय, क्याम्पस, किर्तिपुर, काठमाडौ ।

भट्टराई, रबिन (२०६५) *प्राथमिक तहको उदारकक्षोन्नती मूल्याङ्कनको अवधारणा र कार्यान्वयनको अवस्था,* शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (अप्रकाशित शोधपत्र), त्रिभुवन विश्व विद्यालय, क्याम्पस, किर्तिपुर, काठमाडौ ।

मिश्र, निर्मल (२०६५) *प्राथमिक तहमा उदारकक्षोन्नति कार्यान्वयनको अवस्था प्रतिवेदन,* शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (अप्रकाशित शोधपत्र,) त्रिभुवन विश्व विद्यालय, क्याम्पस, किर्तिपुर, काठमाडौ ।

शर्मा, गोपिनाथ, (२०५८) *नेपालका शिक्षा आयोगका प्रतिवेदनहरू,* काठमाडौ : मकालु बुक्स पब्लीकेशन।

शर्मा, चिरन्जिवी (२०५८) *शिक्षा मनोविज्ञान,* काठमाडौ : एम.के पब्लीशर्स एण्ड डिष्ट्रिव्युटर्स।

शर्मा, चिरन्जिवी (२०६६) *शिक्षा मनोविज्ञान,* काठमाडौ : एम.के पब्लीशर्स एण्ड डिष्ट्रिव्युटर्स।

शर्मा, चिरन्जिवी एण्ड शर्मा, निर्मला (२०५७) *शैक्षिक प्रशासन,* काठमाडौ : एम्.के. पब्लीशर्स एण्ड डिष्ट्रिव्युटर्स ।

शर्मा, चिरन्जिवी एण्ड शर्मा, निर्मला (२०५७)*शिक्षाको दर्शनसाश्त्रिय आधार,* काठमाडौ : एम्.के. पब्लीशर्स एण्ड डिष्ट्रिव्युटर्स ।

पौडेल,नारायणप्रसाद (२०६३) निरन्तर विद्यार्थी मूल्याङ्कन र यसको शैक्षिक व्यवस्थापनमा प्रभाव (अप्रकाशित शोधपत्र) सुर्खेत बहुमूखि क्याम्पस सुर्खेत,

# उदारकक्षोन्नतिको उपादेयता

## अनुसूची एक

प्र.अ.का लागि प्रश्नावली

नाम,थारः मितिः

विद्यालयको ठेगाना : हस्ताक्षरः

शैक्षिक योग्यता : शिक्षण अनुभव वर्षः

१. तपाइँले विद्यार्थी मूल्याङ्कन गर्दा निरन्तर मूल्याङ्कन प्रणाली अन्तरगत उदारकक्षोन्नतिलाई अनुसरण गर्नु भएको छ ? छ भने किन ? छैन भने किन ?

२. तपाइँ उदारकक्षोन्नति गर्नुलाई कस्तो मान्नु हुन्छ ?

क) उपयुक्त ख) अनुपयुक्त

३. उदारकक्षोन्नति गर्दा सिकाइ उपलब्धि स्तरमा कस्तो असर पार्ने ठान्नुहुन्छ ?

क) सिकाइ स्तर बढ्छ ख) सिकाइ स्तर घट्छ

४. उदारकक्षोन्नतिका सकारात्मक पक्षहरू के के हुन ?

क) विद्यार्थीकेन्द्रित शिक्षण सिकाइ हुन्छ ।

ख) विद्यार्थीहरू नियमित रूपमा विद्यालयमा उपस्थित हुन्छन् ।

ग) कक्षा दोहोऱ्याउने र विचैमा विद्यालय छाड्ने दर कम हुन्छ ।

घ) विद्यार्थीहरूलाई परीक्षाको डर हुदैन ।

५. उदारकक्षोन्नतिका लागि विद्यार्थी मूल्याङ्कनको अभिलेख कसरी राख्ने गर्नुभएको छ ?

क) दैनिक रूपमा ख) पाठको समाप्तीमा ग) मासिक रूपमा

घ) त्रैमासिक रूपमा ङ) वार्षिक रूपमा

६. विद्यार्थीलाई उदारकक्षोन्नति गर्न कुन कुन मापदण्ड प्रयोग गर्नुहुन्छ ?

क) माथिल्लो कक्षामा जान उमेर पुगेको हुनुपर्दछ ।

ख) विद्यालय खुलेको ७० दिन हाजिर भएको हुनुपर्छ ।

ग) पहिलो त्रैमासिकमा विशीष्ट क्षमता देखाउने विद्यार्थीलाई कक्षा उकास्ने ।

घ) दोस्रो र तेस्रो त्रैमासिक परीक्षाबाट कक्षा उकास्न नहुने ।

ङ) ज्यादै कमजोर विद्यार्थीलाई अभिभावकको परामर्शमा सोही कक्षा दोहोऱ्याउन सकिने ।

७. निरन्तर मूल्याङ्कन अर्न्तगत उदारकक्षोन्नति गर्ने प्रक्रियाको अनुगमन मूल्याङ्कन तथा निरीक्षण गर्ने गर्नु भएको छ ?

क) नियमित रूपमा  ख) कहिलेकाँही मात्र  ग) छैन

८. उदारकक्षोन्नति गर्दा शिक्षकले के कस्ता कठिनाइहरू महसुस गरेको पाउनु भएको छ ?

.............................................................................................................................

९. उक्त कठिनाइहरू समाधान गर्न के कस्ता प्रयासहरू गर्नु भएको छ ?

.............................................................................................................................

१०. उदारकक्षोन्नति कार्यान्वयन गर्दा गराउदा आइपरेका समस्याहरू के के अनुभव गर्नु भएको छ ?

.............................................................................................................................

११. उदारकक्षोन्नति प्रति अभिभावक  तथा समाजका बौद्धिक व्यक्तित्वहरूको प्रतिक्रिया कस्तो पाउनु भएको छ ?

क) सकारात्मक  ख) नकारात्मक  ग) मिश्रीत

१२. उदारकक्षोन्नति गर्दा गराउदा आइपरेको समस्याहरू निराकरण गर्न के सुझावहरू दिनुहुन्छ ?

.............................................................................................................................

# उदारकक्षोन्नतिको उपादेयता

## अनुसूची दुई

### शिक्षकका लागि प्रश्नावली

नाम,थारः मितिः

विद्यालयको ठेगाना : हस्ताक्षरः

शैक्षिक योग्यता : शिक्षण अनुभव वर्षः

१. तपाइँले विद्यार्थी मूल्याङ्कन गर्दा निरन्तर मूल्याङ्कन प्रणाली अन्तर्गत उदारकक्षोन्नतिलाई अनुसरण गर्नु भएको छ ? छ भने किन ? छैन भने किन ?

..............................................................................................................

२. यदि तपाइँले निरन्तर मूल्याङ्कन प्रणाली अनुसार मूल्याङ्कन गर्नु भएको छ भने कुन कुन कुरालाई मूल्याङ्कनको आधार बनाउनु भएको छ ? (आफुले प्रयोग गरेका आधारहरू भए (✓) चिन्ह लगाउनुहोस् ।

क) हाजिरी ख) परियोजना कार्य ग) सिर्जनात्मक कार्य

घ) गृह कार्य ङ) व्यवहारमा परिवर्तन

३. माथि उल्लेखित बाहेक तपाइको विचारमा निरन्तर मूल्याङ्कनका आधारहरू अरू के के लाई बनाउन सकिन्छ होला ?

..............................................................................................................

४. तपाइँ उदारकक्षोन्नति गर्नुलाई कस्तो मान्नु हुन्छ ?

क) उपयुक्त ख) अनुपयुक्त

५. उदारकक्षोन्नति गर्दा सिकाइ उपलब्धि स्तरमा कस्तो असर पार्ने ठान्नुहुन्छ ?

क) सिकाइ स्तर बढ्छ ख) सिकाइ स्तर घट्छ

६. उदारकक्षोन्नति गर्दा कुन प्रक्रिया अपनाउदा उपयुक्त हुन्छ ?

क) निरन्तर मूल्याङ्कन प्रणाली ख) लिखित वा मौखिक परिक्षा ग) क र ख दुवै

७. उदारकक्षोन्नतिका सकारात्मक पक्षहरू के के हुन ?

क) विद्यार्थी केन्द्रित शिक्षण सिकाइ हुन्छ ।

ख) विद्यार्थीहरू नियमित रूपमा विद्यालयमा उपस्थित हुन्छन् ।

ग) कक्षा दोहोऱ्याउने र विचैमा विद्यालय छाड्ने दर कम हुन्छ ।

घ) विद्यार्थीहरूलाई परीक्षाको डर हुदैन ।

८. विद्यार्थीको कार्य संचयिकामा के के कुरालाई समेट्ने गर्नुभएको छ ?

क) लिखित तथा मौखिक परिक्षाका विषयगत उपलब्धि स्तर

ख) निरन्तर मूल्याङ्कनबाट प्राप्त विषयगत उपलब्धि

ग) विद्यार्थीको सामाजिक, आर्थिक र पारीवारीक विवरण

घ) अभिभावकहरूबाट लिएका सुझावहरू ङ) हाजिरी

च) गृहकार्य/कक्षा कार्य छ) व्यवहार परिवर्तन

ज) सिर्जनात्मक कार्य झ) अतिरिक्त क्रियाकलापको सहभागिता

९. उदारकक्षोन्नतिका लागि विद्यार्थी मूल्याङ्कनको अभिलेख कसरी राख्ने गर्नुभएको छ ?

क) दैनिक रूपमा ख) पाठको समाप्तिमा ग) मासिक रूपमा

घ) त्रैमासिक रूपमा ङ) वार्षिक रूपमा

१०. प्रत्येक पाठको उपलब्धि स्तर मापन कसरी गर्नुहुन्छ ?

क) लिखित परिक्षा लिएर ख) मौखिक प्रश्न सोधेर ग) गृहकार्य गर्न लगाएर

घ) कक्षा कार्यको निरिक्षण गरेर ङ) व्यवहारमा आएको परिवर्तन अवलोकन गरेर

११. विद्यार्थीहरूले कुनै पाठबाट अपेक्षित सिकाइ उपलब्धि हासिल गर्न नसके के के सुधारको उपायहरू बताउनु हुन्छ ?

क) अभिभावकलाई जानकारी दिइ ट्यूसनको व्यवस्था मिलाउने ।

ख) छुट्टै समयमा छुट्टैकक्षाको व्यवस्था गरी कमजोर विद्यार्थीलाई सिकाउने गरेर ।

ग) कक्षा शिक्षणको समयमा नै कमजोर विद्यार्थीलाई ध्यान दिइ सिकाएर र वढी अवसर दिएर ।

घ) विद्यार्थीको पारीवारीक सिक्ने वातावरणको जानकारी लिइ अभिभावकलाई सिकाइ वातावरण राम्रो बनाउने सुझाव दिएर ।

ङ) शिक्षण विधि परिवर्तन गरेर ।

१२. उदारकक्षोन्नतिमा विद्यार्थीको श्रेणी विभाजन कसरी गर्नुहुन्छ ?

क) ७० प्रतिशत भन्दा वढी ल्याउने 'क' श्रेणी

४० प्रतिशत देखि ७० प्रतिशत ल्याउने 'ख' श्रेणी

४० प्रतिशत भन्दा कम ल्याउने 'ग' श्रेणी

ख) (क)भन्दा फरक किसिमले

ग) औपचारीक मूल्याङ्कनमा झै वा पुरानै पद्धतीबाट

१३. विद्यार्थीलाई उदारकक्षोन्नति गर्न कुन कुन मापदण्ड प्रयोग गर्नुहुन्छ ?

क) माथिल्लो कक्षामा जान उमेर पुगेको हुनुपर्दछ ।

ख) विद्यालय खुलेको ७० दिन हाजिर भएको हुनुपर्छ ।

ग) पहिलो त्रैमासिकमा विशिष्ट क्षमता देखाउने विद्यार्थीलाई कक्षा उकास्ने ।

घ) दोस्रो र तेस्रो त्रैमासिक परीक्षाबाट कक्षा उकास्न नहुने ।

ङ) ज्यादै कमजोर विद्यार्थीलाई अभिभावकको परामर्शमा सोही कक्षा दोहोऱ्याउन सकिने ।

१२.उदारकक्षोन्नति गर्ने सन्दर्भमा विद्यालय प्रशासन, जि.शि.का.बाट के कस्तो सहयोग पाउनु भएको छ?

........................................................................................................................

१३. उदारकक्षोन्नति कार्यान्वयनको सन्दर्भमा के कस्ता समस्याहरू भोग्नु भएको छ ?

........................................................................................................................

१४. ती समस्याहरू समाधान गर्न के के सुझावहरू दिनुहुन्छ ?

## उदारकक्षोन्नतिको उपादेयता

### अनुसूची तीन

अभिभावकका लागि अन्तरवार्ता निर्देशिका

१. तँपाइको बच्चाको विद्यालयमा मूल्याङ्कन कसरी हुन्छ ? थाहा छ ?

..................................................................................................................

२. तँपाइलाई बच्चाको परिणाम विद्यालयले जानकारी गराउँछ ?

..................................................................................................................

३. विद्यालयले तँपाइलाई समय समयमा बच्चाको उन्नती प्रगती तथा कमजोरी जानकरी गराउँछ ?

..................................................................................................................

४. विद्यालयले बच्चाको गृहकार्य अनुशासन व्यवहार परिवर्तन सम्बन्धि जानकारी दिन्छ ?

..................................................................................................................

५. आजभोली परीक्षा नलिइ (उदारकाक्षोन्नति ) बच्चालाई कक्षा चढाइन्छ नी यस बारे तँपाइलाई केहि थाहा छ ?

..................................................................................................................

६. यसरी परीक्षा नलिइ कक्षा चढाउनु राम्रो हो ?

..................................................................................................................

७. राम्रो हो भने किन ?

..................................................................................................................

८. उदारकक्षोन्नति गर्दा तँपाइको बच्चाको पढाइमा सुधार भएको छ ?

..................................................................................................................

९. उदारकक्षोन्नति मूल्याङकनका राम्रा र नराम्रो पक्षहरू के के हुन् जस्तो लाग्छ ?

..................................................................................................................

१०. उदारकक्षोन्नति मूल्याङ्कनमा के कस्ता समस्याहरू पाउनु भएको छ ?

..................................................................................................................

११. ती समस्याहरू समाधान गर्न सम्बन्धित पक्षलाई के के सुझावहरू दिनु हुन्छ ?

..................................................................................................................

# उदारकक्षोन्नतिको उपादेयता

## अनुसूची चार

स्रोत व्यक्ति / वि.नि.का लागि तयार गरिएका प्रश्नवलि

१. उदारकक्षोन्नति कार्यान्वयनको अवस्था ।

..........................................................................................................

२. उदारकक्षोन्नतिको उपादेयता सम्बन्धमा ।

..........................................................................................................

३. उदारकक्षोन्नति गर्न अभिलेख राख्ने प्रक्रियाको सम्बन्धमा ।

..........................................................................................................

४. कार्यसंचयीका निर्माण र प्रयोग सम्बन्धी अवस्था ।

..........................................................................................................

५. उदारकक्षोन्नति गर्ने मापदण्डका सम्बन्धमा ।

..........................................................................................................

६. उदारकाक्षोन्नतिले सिकाइ उपलब्धीमा पारेको प्रभाव ।

..........................................................................................................

७.उदारकक्षोन्नतिमा सम्बन्धीत निकाय(शिक्षक, प्र.अ. ,स्रोतव्यक्ति ,वि.नि. ,जि.शि.का.)कोभूमिका सम्बन्धमा ।

..........................................................................................................

८. उदारकक्षोन्नतिमा देखिएका समस्याहरूको सम्बन्धमा ।

..........................................................................................................

९. ती समस्याहरू समाधान गर्ने उपायको सम्बन्धमा ।

..........................................................................................................

१० शिक्षणमा परेको प्रभाव सम्बन्धमा ।

..........................................................................................................

उदारकक्षोन्नतिको उपादेयता

अनुसूची पाँच

विद्यार्थीका लागि अन्तरवार्ता निर्देशिका

१.तिम्रो विद्यालयमा वर्षमा कति पटक परीक्षा हुन्छ ?

..........................................................................................................

२.तिम्रो विद्यालयमा नियमित पढाई हुन्छ कि हुदैन ?

..........................................................................................................

३. तिमीहरुलाई सर/मीसले पढाई सके पछि सोधनु हुन्छ कि हुन्न ?.

..........................................................................................................

४. तिमीहरुलाई सर/मीसले कक्षा कार्य र परियोजना कार्य गराउनु हुन्छ कि हुन्न ?

..........................................................................................................

५.तिमीहरुलाई सर/मीसले प्रगती विवरण दिनु हुन्छ कि हुन्न ?

..........................................................................................................

६.तिमीहरुलाई विद्यालयमा सिर्जनात्मक कार्य गर्न लगाउनु हुन्ट कि हुन्न ?

..........................................................................................................

७. तिमी अतिरिक्त क्रियाकलापमा कतिको सहभागिता जनाउछौं ?

..........................................................................................................

८.तिमी विद्यालय नियमित आउछौं ?

..........................................................................................................

९. तिम्रो विद्यालयमा साथीहरुले साथीहरुलाई पढन सिकाउछन् कि सिकाउदैनन् ?

..........................................................................................................

१०. तिम्रो विद्यालयमा विद्यार्थीको विवरण राख्ने फायल छ ?

..........................................................................................................

११. तिम्रो विद्यालयमा नजन्ने विद्यार्थीलाई सर/मीसले के गरनु हुन्छ ?